# प्रदेश सभा

## गण्डकी प्रदेश

## चौथो अधिवेशन

## (अट्ठाइसौं बैठक)

### कार्यवाहीको सम्पूर्ण विवरण

### मिति : २०७६/०३/२० गते, अपरान्ह १२:०० बजे ।

प्रदेश सभा, गण्डकी प्रदेशको चौथो अधिवेशनको आजको बैठकको कारवाही माननीय सभामुख श्री नेत्रनाथ अधिकारीज्यूको अध्यक्षतामा दिनको १२ बजेर २० मिनेटमा प्रारम्भ भयो।

**माननीय सभामुख**

माननीय सदस्यहरु, आजको बैठकको कारबाही प्रारम्भ हुन्छ ।

अब म, माननीय आर्थिक मामिला तथा योजनामन्त्री श्री किरण गुरुङलाई मिति २०७६ साल असार १ गते सभामा प्रस्तुत गर्नुभएको **"प्रदेश सरकारको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयक, २०७६"** माथि विचार गरियोस् भन्ने प्रस्ताव पेश गर्न अनुमति दिन्छु ।

**माननीय आर्थिक मामिला तथा योजनामन्त्री श्री किरण गुरुङ**

माननीय सभामुख महोदय, सम्मानित सभामा मिति २०७६ असार १ गते प्रस्तुत भएको प्रदेश सरकारको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयक, २०७६ गण्डकी प्रदेश, प्रदेश सभा नियमावली, २०७४ को नियम १०७ को उपनियम (१) बमोजिम विधेयक माथि विचार गरियोस् भनी प्रस्ताव प्रस्तुत गर्दछु। धन्यवाद।

**माननीय सभामुख**

माननीय सदस्यहरु, अब म **"प्रदेश सरकारको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयक, २०७६"** माथि विचार गरियोस् भन्ने प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दछु ।
यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले **"हुन्छ"** भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरुले **"हुन्न"** भन्नुहोला।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले **"हुन्छ"** भन्नुहोस् ।
(**"हुन्छ"** भन्ने आवाज आयो)

यसको विपक्षमा हुने माननीय सदस्यहरुले **"हुन्न"** भन्नुहोस् ।
(**"हुन्न"** भन्ने कम आवाज आयो)

**"हुन्छ"** भन्ने पक्षका माननीय सदस्यहरुको बहुमत भएकोले **"प्रदेश सरकारको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयक, २०७६"** माथि विचार गरियोस् भन्ने प्रस्ताव बहुमतले स्वीकृत भएको घोषणा गर्दछु।

अब माननीय आर्थिक मामिला तथा योजनामन्त्री श्री किरण गुरुङले मिति २०७६ साल असार १ गते सभामा प्रस्तुत गर्नुभएको **"प्रदेश सरकारको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयक, २०७६"** माथि विचार गरियोस् भन्ने प्रस्ताव माथिको छलफल प्रारम्भ हुन्छ ।

माननीय सदस्यहरु **"प्रदेश सरकारको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयक, २०७६"** माथिको छलफलमा भाग लिन चाहनु हुने प्रत्येक माननीय सदस्यलाई छलफलको लागी ५ मिनेट समय निर्धारण गरेको छु । निर्धारित समय भित्र आफ्नो भनाई राख्न अनुरोध गर्दछु।
सर्वप्रथम माननीय श्री दीपक कोइरालालाई छलफलमा भाग लिन समय दिन्छु।

## माननीय दीपक कोइराला

माननीय सभामुख महोदय, हामी प्रदेश सरकारको प्रदेश सरकारको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयकमाथिको छलफलमा छौं र खास गरिकन बजेटलाई कार्यान्वयन गर्ने प्रदेश सरकारको यो प्रदेश सरकारको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्ने, समग्र बजेटलाई कार्यान्वयन गर्ने र यो विधेयकको आधारमा हामीले यो आगामी आर्थिक वर्षमा राजश्व संकलन गर्नेदेखि लिएर सबै कामहरुलाई व्यवस्थित गर्नको लागि बनेको यो प्रदेश सरकारको अर्थ सम्बन्धी प्रस्तावको बारेमा हामी छलफल गर्दैछौं। हामीले बजेट वक्तव्यदेखि लिएर विनियोजनका शीर्षकहरुसम्म पनि छलफलहरु सकि सक्या छौं र म यो प्रदेश सरकारको अर्थ सम्बन्धी प्रस्ताव, अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयकको बारेमा बोल्नको लागि यहाँ उपस्थित भएको छु। यो एउटा व्यवस्थित विधेयकको रुपमा आएको छ। यसले हाम्रो आगामी आर्थिक वर्षको बजेटको कार्यान्वयन, राजश्व संकलन र त्यसका हरेक शीर्षकहरु खुलाएर शीर्षकहरुमा मिल्ने प्रदेश सरकारले संकलन गर्नुपर्ने राजश्व संकलन गर्नु पर्ने व्यवस्थित हिसाबले यो विधेयक आएको छ र यो विधेयकले खास गरिकन हाम्रो करको दायरा बढाउने, कर बढाउने भन्दा पनि दायरा बढाउने विशेषताका साथ यो आएको छ। मैले हेरें यसलाई सरसर्ति हाम्रो संविधानले व्यवस्था गरेका कतिपय समावेशिताका कुराहरु, हाम्रो आन्दोलनमा भएका या आन्दोलनमा योगदान गरेका महत्वपूर्ण योगदानकर्ताहरुलाई समेत यसले एउटा महत्वपूर्ण स्थान दिएर जस्तो आर्थिक रुपमा गर्नुपर्ने छुटहरु जस्तो जनआन्दोलन, जनआन्दोलन पहिलो, दोस्रो जनयुद्ध, मधेश आन्दोलनमा शहादत प्राप्त गरेका शहिद आश्रित पति, पत्नि, छोरा, छोरी, माता, पिताका स्वामित्वमा हुने, प्राप्त हुने पारित हुने लिखितम ऐन बमोजिमलाई नै सबै प्रकारको शुल्कहरुमा छुट हुनेछ भनेर मैले खाली उदाहरण मात्रै भन्न खोजेको हो। यसले के बताउँछ भने हामीले संविधानको कार्यान्वयन गर्ने कुरा र जे कारणले आज हामीले परिवर्तन हामीले व्यवस्थाको परिवर्तन गऱ्या छौं र त्यो व्यवस्थाको परिवर्तन गरेका कुराहरुको हाम्रो आर्थिक नियमावलीले या हाम्रो बजेटले या हाम्रो अर्थ सम्बन्धी हाम्रा नीति कार्यक्रमहरुले सरकारले कहाँ समेटियो कि समेटेन भन्ने बारेमा धेरै छलफल बहसहरु यो सदनमा हुने गरेका छन् । त्यस कारणले यो बजेटले त्योदेखि लिएर समग्र प्रदेशको आर्थिक प्रणालीलाई व्यवस्थित बनाउने। हामीले करका दायराहरु कसरी सुनिश्चित गर्ने या करहरु हामी कसरी उठाउँछौं या यसलाई कसरी व्यवस्थित गर्छौं भन्ने कुरा यो विधेयकमा समग्रता समेटिएर आएको छ र मैले सर्सति अघिल्लो वर्षको विधेयक र यसपालिको विधेयक पनि देखें। धेरै विधेयक अघिल्लो यो प्रस्ताव गर्दै गर्दा यो मन्त्रीज्यूले करको दायरा काम हामीले कर बढाउने भन्दा पनि दायरा बढाउने कामलाई विशेष प्राथिमकता दिएका थियौं भनेर भन्नु भएको कुरा मैले सम्झेर सर्सति दुई वटै विधेयकलाई देखें मैले त्यस कारणले यो ससर्ति हेर्दाखेरि हामीले करको दायरा कसरी बढाउन सक्छौं? राजश्व संकलनको अवस्था हामीले कसरी सुदृढ बनाउन सक्छौं? र कतिपय कुराहरु यसलाई हामी अझै कसरी व्यवस्थित बनाउन सक्छौं भन्ने एउटा व्यवस्थित विधेयकको रुपमा यो अर्थ, प्रदेश सरकारको अर्थ सम्बन्धी प्रस्ताव कार्यान्वयन गर्ने विधेयक आएको छ भन्ने ठान्दछु र यस अर्थमा यो विधेयक प्रति पूर्ण समर्थन रहेको कुरा पनि म जानकारी गराउन चाहन्छु र अब यो विधेयकको, अब हाम्रो विधेयकको कार्यान्वयनको प्रश्न छ। मैले सदनमा यही कुरा उठाउने गरेको कुरा के हो भने

हामी कति कार्यान्वयन गर्न सक्छौं? हाम्रो कार्यान्वयनको पक्षहरु कति बलिया छन्? जस्तो प्रदेश सरकारले धेरै सुविधा दिएको हुन्छ। मैले यस्तो हेरें सामाजिक सुरक्षामा पनि धेरै प्रकारका सुविधा छन् तर हाम्रो प्रशासनिक इकाइहरु बलियो नहुँदा जस्तो स्वास्थ्यका कुरा गरौं।स्वास्थ्य बिमा नेपाल सरकारले व्यवस्थित प्रकारले अगाडि बढाएको छ त्यसमा धेरै सुविधाहरु हामी लिन सक्छौं तर हाम्रो व्यवस्थित प्रशासन नहुँदाखेरि हामीले त्यसको सुविधा हाम्रा नागरिकहरुले लिन नपाइरहेको अवस्था देखा पर्छ तर यो विधेयकको कार्यान्वयनको क्रममा हेर्दाखेरि अघिल्लो पटक जस्तो राजश्व संकलनकै हाम्रो अनुमानित राजश्व संकलनको कुरा पनि हामीले सोचे भन्दा धेरै गऱ्यौं अस्तिको यसको समिक्षामा या सरकारको एक वर्षको अर्थ मन्त्रालयको काममा पनि त्यो आएको छ र अर्थमन्त्रीज्यूले पनि त्यो राख्नु भएको छ। त्यस कारण यसलाई व्यवस्थित हिसाबले अघिल्लो वर्ष पनि यसको कार्यान्वयनमा यो विधेयकको कार्यान्वयनमा या प्रदेश सरकारको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयकको कार्यान्वयन एउटा व्यवस्थित हिसाबले भएको नै मैले महशुस गरेको छु र आगामी दिनहरुमा आगामी दिनमा नै यसलाई व्यवस्थित ढंगले अगाडि बढछ अपेक्षा गर्दै यो विधेयक प्रति पूर्ण समर्थन रहेको जानकारी गराउँदै विदा हुन्छु। धन्यवाद।

## माननीय सभामुख

माननीय श्री मणिभद्र शर्मालाई छलफलमा भाग लिन समय दिन्छु ।

## माननीय मणिभद्र शर्मा

सभामुख महोदय, हामी विधेयक माथि छलफल गर्दै गर्दा अब अहिले उखान टुक्काको युग छ भन्न पऱ्यो। यो कतै फेरि नमच्चिने पिङ्गको सय झटका जस्तो नहोस्। कर तिर्नु जनताको कर्तव्य हो। राज्य सञ्चालनमा जनताले कर तिर्नु पर्छ। त्यसमा दुई मतै छैन तर कर उठाउने असल म्यानेजर हो। राज्य जनताले कर तिरिसकेपछि त्यो म्यानेजरले ठीक ठीक ढंगले म्यानेज गरिदियो भने त्यो करबाट लाभाशं आस गरेको हुन्छ करदाताले कर तिर्नेले। त्यसको ब्यानिफिट पायौं कि पाएनौं भनेर जनताले आफ्नो ढंगले मूल्याङ्कन गरेको हुन्छ। यी बिचमा हामीले जनताको मनोविज्ञान बुझ्दा त्यो मनोभाव बुझ्दा हामीले तिरेको कर ठीक ढंगले व्यवस्थापन भएन भन्ने जनगुनासो बढिरहेको अवस्था छ। तसर्थ अब कर उठाउने करका दायरा पनि बढाउँदै जाने तर तिर्ने दाताहरु स्याटिसफ्याक्सन दिन नसक्ने भयो भने के हुन्छ त्यो बारेमा हामी गम्भीर हुन आवश्यक छ र हाम्रा खर्च प्रणालीहरु मैले अगाडि अघिका यो भन्दा अगाडि बोल्दाखेरि पनि बोलेको छु। केही चीजहरु यस्ता भएका छन् ताप्के नताप्दै बिंड तात्ने प्राकृतिक सिद्धान्तमा कस्तो हुन्छ भने पहिला ताप्के तात्तछ अनि विस्तारै बिंड ताप्छ। यहाँ एक दुईवटा शीर्षकहरु ताप्के नतात्दै बिंड तातेका पनि छन्। त्यसो भएको हुनाले जस्तो खानी सम्बन्धी शिर्षकमा पैसा आयो त्यो खानी खन्ने त केन्द्रले ठूलै सोचका साथ प्लानिङ्ग गरेर खनिन सक्छ र प्रदेशले स्याउँ स्याँउ गऱ्या छ। त्यस हुनाले त्यसको म्यानेजम्याण्ट ठीक ठीक ढंगले हुन्न कि भन्ने कुराहरु छ र हिजोको दिनमा मैले यो २०४८ साल देखि आजसम्मको मोटामोटी तथ्याङ्क हेर्दा झण्डै पैंतिस चालिस प्रतिशत दिन यहाँ अहिले हामी सत्तामा भएका प्रमुख प्रतिपक्षमा भएका र प्रतिपक्षमा मात्रै भएका साथीहरुका नेताहरुले राज्य सञ्चालनमा हिस्सेदारी लिनु भएको छ र हिजो केही अलिकति बिग्रियो भने प्रमुख प्रतिपक्ष नेपाली काँग्रेसले जिम्मा लिनु पर्ने हिजोका बिग्रेका कामहरु अनि ठीक ठीक भएका छन् भने ती फेरि हामीले गरेको हो भन्ने पानी माथिको ओभानो हुने। एउटा चलाखीपूर्ण अभिव्यक्तिहरु आउने गरेका छन्। मैले यो उखानयुगलाई सम्बोधन गर्दै तीन वटा उखान भनेर आफ्ना भनाई अन्त्य गर्दछु। धन्यवाद। जय नेपाल।

## माननीय सभामुख

माननीय सदस्यहरु, अब म माननीय आर्थिक मामिला तथा योजना मन्त्री श्री किरण गुरुङलाई प्रदेश सरकारको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन बनेको विधेयक, २०७६को छलफलमा उठेका प्रश्नहरुको जवाफ दिन अनुमति दिन्छु ।

## माननीय आर्थिक मामिला तथा योजनामन्त्री श्री किरण गुरुङ

सभामुख महोदय, मैले धेरै जवाफ दिनु पर्छ जस्तो लाग्दैन। पहिलो कुरा त हामीले सबै विषयवस्तुको सम्बन्धमा राम्ररी अध्ययन गर्नु पर्छ। मैले त्यो धेरै पटक मैले अनुरोध गरिरहेको छु। हामी अध्ययन नगर्ने हामी नबुझ्ने अनि नबुझेका कुराहरु सरकारलाई थोपर्ने यो गर्न चाँहि हुँदैन। मैले अनुरोध गर्न चाहन्छु र अहिले सरकारले जस्तो अहिले करका सम्बन्धमा हामीले दायरालाई अगाडि बढाएका छौं। दायरा बढाउनु पर्छ भनेर भनेका छौं त्यति मात्रै होइन सम्भावनाका नयाँ नयाँ क्षेत्रहरुलाई पनि हामीले अब खोजी गर्नु पर्छ। आत्मनिर्भर अर्थतन्त्र निर्माण गर्नका निम्ति यो प्रदेशको परनिर्भर अर्थतन्त्रलाई अन्त्य गर्नका निम्ति अब हामीले राजश्व संकलन गर्ने करका दायराहरुलाई फराकिलो बनाउने र हिजो जे गरि राखिएको थियो त्यहीमा मात्रै आधारित होइन नयाँ नयाँ सम्भावनाहरुलाई हामीले खोजि गरेर त्यसलाई अगाडि बढाउनु पर्छ भन्ने कुरा नै हो र कर जसले तिर्यो उसले फाइदा पाउँछ कि पाउँदैन भन्ने कुरा हुँदैन। कर तिर्नेले आफूले फाइदा खोज्ने होइन। कहिं पनि त्यस्तो हुँदैन र त्यो कर राज्यले पाउँछ कि पाउँदैन? त्यो देशको हितमा प्रयोग हुन्छ कि हुँदैन? त्यो देशले पाउँछ कि पाउँदैन? देशलाई त्यो फाइदा हुन्छ कि हुँदैन? भन्ने कुरा नै हो र हामीले मैले कर तिर्या छु मलाई फाइदा चाहिन्छ भन्ने हो भने त अब यो मलाई लाग्छ यो कहिं पनि हुँदैन यस्तो अर्थतन्त्र यस्तो खालको चाँहि कहिं पनि हुँदैन त्यो त लगानी नै हुन्छ। त्यसले गर्दाखेरि कर भनेको लगानी होइन। कर भनेको त्यो दायित्व हो राज्यलाई तिर्नु पर्ने दायित्व हो। त्यो राज्यले नै त्यसलाई सदुपयोग गर्ने हो दुरुपयोग गर्ने होइन। सदुपयोग गर्ने हो र यो सदुपयोग गर्छ भन्ने कुरामा पनि मैले विश्वास दिलाउन चाहन्छु र अन्तमा म धेरै भन्न चाहन्न कि मैले बारम्बार भनी रहेको छु कि हामीले हामीलाई चिनौं हामी सांसद हौं, हामी माननीय हौं, हामीले माननीय भनेर हामी आफैलाई पनि हामीले सम्बोधन गरी रहेका छौं। त्यस्तो अवस्थामा हाम्रो शक्ति हाम्रो अधिकारक्षेत्र हामीले चिन्न जरुरी छ। त्यसैले मैले हाम्रो शक्तिलाई हामीले चिन्न जरुरी छ। हामी को हौं? यो सदनको यो सभाको गरिमालाई हामीले चिन्न जरुरी छ। हामीले बोलेका प्रत्येक शब्दहरु यो सभाभित्र रहँदैन। मिडियाबाट बाहिर जान्छ। हामीले बोलेका सबै कुराहरुको मूल्याङ्कन बाहिर जनताले गरी रहेका हुन्छन्। मिडियाले गरिरहेका हुन्छन्। यससँग सरोकार राख्ने सबैले यसलाई हेरिरहेका हुन्छन् त्यो कुरालाई पनि हामीले ध्यान दिनु पर्छ भनेर पनि मलाई लाग्छ। विरोधको निम्ति विरोध अर्थात् त्यसको असहमति जाहेर गर्नै पर्ने जुन बाध्यताको हामीले अन्त्य गर्नु पर्छ। मैले हिजो पनि भनेका थिएं कि प्रतिपक्ष भई सकेपछि कि हामीले बिरालो नै बाध्नु पर्ने हुन्छ त? त्यसले गर्दाखेरि कि हामीले धर्म निर्वाह नै गर्नु पर्ने हुन्छ। मलाई त्यस्तो हुँदैन र लोकतन्त्र पनि यो होइन लोकतन्त्र जसरी हामीले बुझेका छौं त्यस्तो लोकतन्त्र हुँदैन। लोकतन्त्र भनेको विधिसम्मत् ढंगले अगाडी बढने हो कानून सम्मत तरिकाले अगाडि बढने हो कानून भनेको पनि त्यो नियमन नियन्त्रण हो। यो गर्न पाइन्छ त्यो गर्न पाइन्छ भन्नुको अर्थ नि के हो त भन्दाखेरि अरु गर्न पाइदैन भन्न खोजिएको हो। विधि नियम त्यो हो सकारात्मक ढंगले लेखिएको पनि छ। यो गर्न पाइने यो गर्न पाइने यो गर्न पाइने भन्ने कुरा हुन्छ त्यस कारणले भन्दाखेरि हामी साँच्चै नै लोकतान्त्रिक बन्ने हो भने विधिको शासन कानून शासन हामीले ल्याउने हो भने सबै क्षेत्रमा कानून विधि हामीले निर्माण गर्नु पर्ने हुन्छ त्यो विधि कस्तो निर्माण गर्ने त्यो आफ्नो ठाउँमा छ। छलफलको विषय हुन सक्छ तर विधि नभएको कानून नभएको राज्य त्यो लोकतान्त्रिक राज्य हुन सक्दैन। त्यस कारणले गर्दाखेरि म सबैलाई अनुरोध गर्न चाहन्छु कि हामीले कस्तो खालको लोकतन्त्र हामीले अपनाउने हो? कस्तो खालको विधि विधान कस्तो खालको कानून हामीले निर्माण गर्ने हो र अहिले आएर हिजै कै कानूनलाई नि हामीले निरन्तरता दिने हो कि संघीयतामा गई सकेपछि संघीय संरचना अन्तर्गत नै हामीले सबै विधि विधानहरुलाई अर्थात् कानून निर्माण गरेर हामीले अगाडि बढनु पर्ने संरचनाहरुलाई त्यहि ढंगले अगाडि बढाउनु पर्ने। हिजोका करका दायराहरुलाई, हिजो कर संकलन गर्ने, राजश्व संकलन गर्ने सबैलाई प्रगतिशील ढंगले अगाडि बढाउने अब उद्देश्यले अहिलेको यो बजेट यो अर्थ विधेयकसँग सम्बन्धित सबै कुराहरू यही आधारित जुन यस भन्दा अगाडि जुन सिद्धान्त प्राप्त गरेको छौं जुन प्राथमिकता हामीले तोकेका छौं। त्यसैको आधारमा हामीले यो बजेट अगाडि ल्याएका हौं र यसलाई पास गरिदिनु हुनका निम्ति म अनुरोध गर्दै म आफ्ना भनाईहरु समाप्त गर्छु। हवस् त धन्यवाद।

## माननीय सभामुख

माननीय सदस्यहरु, अब म माननीय मुख्यमन्त्री श्री पृथ्वी सुब्बा गुरुङलाई मिति २०७६ साल असार १९ गते विनियोजन विधेयक, २०७६ को छलफल छलफलको क्रममा आफ्नो कार्यालयसँग सम्बन्धित विषयमा उठेका प्रश्नको जवाफ दिन अनुमति दिन्छु ।

## माननीय मुख्यमन्त्री श्री पृथ्वी सुब्बा गुरुङ

माननीय सभामुख महोदय, गण्डकी प्रदेश सरकारको आर्थिक वर्ष २०७६/०७७ को विनियोजन शीर्षक माथिको छलफलको क्रममा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको विनियोजन शीर्षक माथिको छलफलको क्रममा यहाँ छु। माननीय सदस्यहरुले उठाउनु भएको विषयहरु म यो रोष्ट्रममा उभी केही भन्न चाहन्छु। सभामुख महोदय, गण्डकी प्रदेश सरकारको आर्थिक वर्ष २०७६/०७७ को बजेट माथिको छलफलको क्रममा विभिन्न मन्त्रालयहरुको मन्त्रालयगत विनियोजन माथिको क्रम सकिएर सम्बन्धित मन्त्रालयका माननीयज्यू, मन्त्रीज्यूहरुले सोधेका प्रश्नहरुको जवाफ दिई सक्नु भाको हुनाले म मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसँग जोडी आएका केही विषयहरुको मात्रै उत्तर दिने अनुमति चाहन्छु। अब हामीले यस वर्ष मुख्यमन्त्री कार्यालयबाटै संचालन हुने गरेर आन्तरिक पर्यटन प्रवर्द्धन कार्यक्रम राख्या छौं र त्यस माथि माननीय सदस्यहरुले केही जिज्ञासा राख्नु भएको छ। यो वर्ष २०१९ आन्तरिक पर्यटन प्रवर्द्धन वर्षको रुपमा पर्यटन वर्षको रुपमा हामीले घोषणा गरेर नीति बनाएर पर्यटन मन्त्रालयले यसको बारेमा कार्यक्रम पनि गऱ्या छ। त्यसैलाई थप प्रवर्द्धन गर्नको लागि सहयोग गर्नको लागि गण्डकी प्रदेशभरीका प्रदेश सरकार अन्तर्गतका कर्मचारीहरुको, कर्मचारीहरुलाई यो पर्यटन प्रवर्द्धनमा सहभागी बनाउने उद्देश्यले यो कार्यक्रम राख्या हो र यसमा रकम विनियोजन भाछ। एउटा कार्यविधि बनाएर यसमा केही प्रश्नहरु छन् हामीले समाधान गर्नु पर्ने। कार्यविधि बनाउँदाखेरि संघ सरकारको पनि एउटा कार्यक्रम छ। एक महिनाको विदा दिने त्यो विदा भरी पर्यटन प्रवर्द्धनको लागि पठाउने रकम दिने भन्ने छ। हामी कति दिन विदा दिने भर्खर कार्यविधि बनाउने बेला हो हामीले निक्यौल गर्नु पर्ने हुन्छ। हामीहरुको आफ्नो कुरा एक महिना होइन, एक हप्ता वा दुई हप्ता हामीले विदा मिलाउने होला कार्यविधिमा।अनि कति रकम दिने हो? एक महिना बराबरको हुन्छ कि पन्ध्र दिन बराबरको हुन्छ कि?  यसको चाँहि त्यो पनि हामीले कार्यविधिमा छुट्टयाउनु पर्छ। यो दुईवटा काम गरी सकेपछि अनि कर्मचारीहरुलाई हामीले पठाउँछौं। पठाएपछि त्यो रिपोर्टको रिपोर्ट हामीले संकलन गर्नु पर्ने हुन्छ। त्यसरी अलि व्यवस्थित रुपले आन्तरिक पर्यटनलाई प्रवर्द्धन गर्ने हिसाबले हामीले यो काम अगाडि बढाएका छौं। किनभने २०१९ मा आन्तरिक पर्यटन प्रवर्द्धन गर्ने र हामीले पाँच लाख थप्ने भन्या छौं यस पटक। दस लाख त हाम्रो छँदैछ बाह्य र आन्तरिक पर्यटक भनेर पर्यटकहरुको आगमनको हिसाब गर्दाखेरि यो वर्ष पाँच लाख थपिए भने हामी २०२२ मा  गण्डकी प्रदेशको भ्रमण वर्ष मनाई रहँदाखेरि बिस लाख पुऱ्याउने कुरामा सजिलो हुन्छ भन्ने आधारमा हामीले यो काम गरि राखेको हुन्छ। दोस्रो कुरा सबै भन्दा ठूलो समस्या हो अहिले हामीले भोगि रहेको। त्यो संघ सरकारले पनि भोगि रहेको छ, तल्लो सरकारले पनि भोगिरहेको छ। हामीले पनि भोगिरहेको। हामी त पहिलो वर्ष काम गर्दै छौं बल्ल बल्ल एउटा आर्थिक वर्ष सम्पन्न भएको छ, हुँदैछ र यो आर्थिक वर्षको सम्पन्न भएको हाम्रो अनुभवलाई निष्कर्षमा पुऱ्याउँदा र अरु संघीय सरकारले आजसम्मको काम हेर्दाखेरि नेपालको सरकारको सबभन्दा कमजोर पक्ष भनेको नीति कार्यक्रम पनि राम्रै आउँछ, बजेट व्यवस्थापन पनि राम्रै ढंगले हुन्छ, हैन? तर सबभन्दा मूल कुरो त्यसको कार्यान्वयनको पक्ष एकदम कमजोर छ अहिलेसम्म। त्यो बजेट कार्यान्वयनको हाम्रो संस्थागत एमपावरमेण्ट अझै पनि एमपावर गर्ने कुरामा ध्यान नपुगेको, संरचनागत प्रबन्धमा पनि यसमा हाम्रो ध्यान नपुगेको  देखिन्छ । त्यसकारणले गण्डकी प्रदेश सरकारले तेस्रो कुरा के ध्यान पुऱ्याएको छ भन्दाखेरि यो संस्थागत इमपावरमेण्ट इमपावर भई सकेपछि र संरचनागत सुदृढिकरण भई सके पछाडी पनि बजेट कार्यान्वयन गर्ने बेलामा उचित ढंगले बजेट कार्यान्वयनको कुरामा ध्यान पुऱ्याएन भने र त्यसको अनुगमन गरिएन भने निरीक्षण गरिएन भने र त्यसको मूल्याङ्कन उचित ढंगले भएन भने र समयमा भएन भने र त्यस्तो खालको संरचनाको व्यवस्था भएन भने हामीले पनि उही नियति बेहोर्नु पर्ने कुरा लगभग लगभग अनुभूति गऱ्या छौं। त्यस कारणले गण्डकी प्रदेश सरकारले आफ्नो प्रदेश भित्र संचालित हुने खास गरिकन प्रदेश गौरवको आयोजनाहरु र कतिपय सन्दर्भमा राष्ट्रिय गौरवको आयोजनाहरुको पनि हामीले सहजीकरण गर्नुपर्ने स्थिति हुन सक्दछ र स्थानीय तहसँग पनि हाम्रो जुन सहकार्यका बजेटहरु हुन्छन् त्यसलाई कार्यान्वयन गर्ने कुरामा हाम्रो प्रदेश सरकार अन्तर्गतका जिल्लाका विभिन्न कार्यालयहरु मन्त्रालय, मन्त्रालयहरु, मन्त्रालय अन्तर्गतका निर्देशनालयहरु,   त्यस अन्तर्गतका डिभिजन कार्यालयहरु, त्यस अन्तर्गतका सबडिभिजन कार्यालयहरु, त्यस पछि जिल्लास्तरका कार्यालयहरुको कामलाई व्यवस्थित गर्ने विभिन्न योजनाहरुको कामको अनुगमन गर्ने काम, आफ्नो-आफ्नो च्यानलबाट अहिलेसम्म हामी गरिरहेकै छौं तर त्यो प्रभावकारी भएन,

त्यसकारण त्यसलाई प्रभावकारी गर्ने कुरा त्यसलाई इमपावर गर्ने कुरा त्यसलाई अझै इनक्रिज गर्ने कुरामा हामीले भन्यौं मुख्यमन्त्रीको कार्यालयमै एउटा यस्तो एउटा आधुनिक उपकरणलेयुक्त एउटा यस्तो प्रविधिको विकास गरौं यस्तो संरचनाको विकास गरौं जहाँबाट चाँहि सम्बन्धित मन्त्री वा सचिव सहित मुख्यमन्त्रीले त्यो विशेषकक्षमा बसेर त्यो सबै आयोजनाहरुको या योजनाहरुको कार्यान्वयनको विशेष अनुगमन गर्न सक्ने, त्यहाँ उत्पन्न भएका समस्याको समाधान गर्नुपर्ने होला कतिपय जग्गा प्राप्तिमा समस्याहरु हुन सक्दछ। मुआवजाको समस्याहरु हुन सक्दछ। त्यसको अलाइन्मेण्ट, रेखाङ्कन गर्ने कुरामा समस्याहरु उत्पन्न भएर काम गर्न नसक्ने स्थिति हुन्छ। तत्काल त्यो कार्यालयले कागजी रुपमा बोल्दै बोल्दै आउँदाखेरि एक महिना दुई महिना लाग्ने हुन सक्छ। हामीले सिधै उसँग भिडियो कन्फ्रेन्सको माध्यमबाट ति सबै कुराहरुको छिटो भन्दा छिटो अनुगमन गर्नको लागि एक्सन रुमको व्यवस्था हामीले गऱ्या छौं र एक्शन रुम अहिले चली रहेको छ र हाम्रो चाँहि अहिले कर्मचारीहरुको अहिले ट्रेनिङ्ग लिई राख्या छ। मन्त्रालय, मन्त्रालयबाट पनि कर्मचारीहरु ल्याएर पनि ट्रेनिङ्ग गर्छम। मुख्यमन्त्री कार्यालयको लगभग लगभग सबै कर्मचारीहरुले त्यो जान्नु पर्यो त्यस कारणले त्यो एक्शनमा पनि गई राख्या छ। हाम्रो प्रदेश सरकारले गठन भएको सन्दर्भ पारेर २०७५ फाल्गुण ४ गते बाट यो कामको शुरुवात गरेर हामी त्यसलाई प्रभावकारी बनाउने ठाउँमा गरिरहेका छौं। कोठाको अभाव कार्यकक्षको अभाव भएर हामीले नयाँ कार्यकक्षको प्रबन्ध गरेर यसको प्रभावकारी ढंगले संचालन गर्ने व्यवस्था गऱ्या छौं। यसैको साथै जनताहरुको तत्काल समस्याहरु जनताको कहाँ कहाँ के समस्या छ ? स्थानीय तहहरुको के के समस्या भई राखेछ ? हामीले स्थानीय तहसँग सहकार्य गरेर उसलाई निर्देशन दिएर उसलाई या उसकोसँग समन्वय गरेर तत्काल जनताको समस्याहरु समाधान गर्ने कुरा के के हुन सक्छ शान्ति सुरक्षाको कुरा हुन सक्ला विकास निर्माण को कुरा हुन सक्ला सर्भिस डेलिभरीको सेवा प्रदान गर्ने अरु विषयहरु पनि हुन सक्ला यी सबै विषयहरुमा जनताको पिर मर्काको सिधै मुख्यमन्त्रीले आफैले सुन्ने गरेर र जनताका गुनासाहरु, जनताका आलोचनाहरु, टिप्पणीहरु, सुझावहरु र तत्काल हामीले समाधान गर्नु पर्ने विषयहरु त्यो कतिपय चाँहि लामो हुन सक्दछ। नीतिगत सुधार गरेर मात्रै ती कामहरु संबोधन गर्न सक्दछौं हामी। त्यसलाई हामीले त्यही ढंगले केरे उहाँहरुसँग डिलिङ्ग राख्या हुन्छौं। कतिपय कुराहरु ऐन, कानूनको निर्माण गरेर या संरचनाहरुको स्थापना कार्य व्यवस्थापन गर्ने हुन्छ। त्यसमा पनि केही समय ढिलो भन्ने कुरा उहाँलाई भनि राख्या हुन्छ।कतिपय तत्काल हामीले त्यहिंबाट चाँहि उहाँलाई केरे समाधानको उपायहरु बताउने कतिपय हामी साविक तल सरोकारवाला ताल्लुक मन्त्रालयहरु कार्यालयहरुलाई हामीले भनेर यी समस्याहरुको सम्बोधन गरी राखेका हुन्छौं।यसो गर्दाखेरि गण्डकी प्रदेश सरकार कहाँ छ भन्दाखेरि गण्डकी प्रदेश सरकार जनताको टोल टोलमा छ घर घरमा छ जनताको गाउँ गाउँ मा छ भनेर पुऱ्याउनको लागि गण्डकी प्रदेश सरकारको मुख्यमन्त्री आफैंले जनताको सबै समस्याको सिधा डिलिङ्ग गर्छ भन्ने कुरा प्रत्याभूत गर्दाखेरि नै प्रदेश सरकारको उपस्थिति प्रभावकारी हुने। प्रदेश सरकारले जनतालाई पुऱ्याउने सेवा प्रभावकारी हुने जनताका गुनासाहरु तत्काल सुन्ने भाहुनाले जनताको नजिकमा छ भन्ने कुरामा जनतालाई अनुभूत गराउन सक्ने हिसाबले हामीले हेलो मुख्यमन्त्री कार्यक्रम पनि संचालन गऱ्या छौं र अहिले हामीले जनतासँग मुख्यमन्त्री कार्यक्रम संचालन गरी राख्या छौं। पोखरा टेलिभिजनसँगको सहयोगमा हामीले उनीहरुलाई केही कुनै रकम उपलब्ध गराउनु पर्दैन। हामीले खाली उनीहरुको एकजना रिपोर्टरलाई मुख्यमन्त्री कहिं जाँदाखेरि हाम्रो विभिन्न कार्यक्रमहरु हुँदाखेरि हामी ल्याउँछौं। त्यसको आधारमा विभिन्न विषयहरुमा प्रदेश सरकारले बनाई रहेको नीति कार्यक्रमको बारेमा, प्रदेश सरकारको बजेट कार्यान्वयनको बारेमा, यस्ता विभिन्न विषयहरुमा महिनाको दुई पटक जनताको समस्याहरु समाधान गर्दा प्रदेश सरकारको नीति कार्यक्रम, लक्ष्य, उद्देश्य, आवधिक योजना सबै कुराहरु जनताको बिचमा पुऱ्याउनको लागि हामीले जनतासँग मुख्यमन्त्री कार्यक्रम ल्याएका छौं यी तीन वटै कामहरु एउटै कक्षबाट संचालन गर्ने काम गरी राखेका छौं। यसले हाम्रो गण्डकी प्रदेशको कामलाई प्रभावकारी बनाउने छ। जनतामा गण्डकी प्रदेश सरकार प्रतिको विश्वास जगाउने छ र गण्डकी प्रदेश सरकारले आफ्नो खर्च यो बजेटको खर्च गर्न सक्ने क्षमताको वृद्धि गर्ने छ र खास गरिकन अनुगमन योजनाहरुको अनुगमन, मूल्याङ्कन र मा यसले प्रभावकारी भूमिका निर्वाह गरेर गण्डकी प्रदेश सरकारको कामको जनतालाई जनताको बिचमा पुऱ्याउने काममा महत्वपूर्ण योगदान दिनेछ भन्ने विश्वास लिएको छु। त्यस कारण यसमा पनि हामीले बजेट यस पटक बजेट छुट्ट्याएका छौं।अर्को गण्डकी प्रदेश सरकारको थोरै रकम छ तर यो महत्वपूर्ण विषय पनि हो त्यो रकमले नपुग्न पनि सक्छ। गण्डकी प्रदेश सरकारको प्रदेश प्रत्येक चाँहि कर्मचारीको म्यानेजम्याण्ट इन्फरमेशन सिस्टमका आधारमा हामी उनीहरुको रेकर्ड बनाउने भन्या छौं। एम.आई.एस. सिस्टम पनि भन्छौं यसलाई यो नयाँ तरिका पनि हो र सबै

कर्मचारीहरुको कुन काम गरी राख्या छ ? कसरी काम गरी राखेको छ ? उसको कार्यक्षमता कस्तो छ भन्ने कुरा यसबाट हामी प्राप्त गर्न सक्छौं । यसले हाम्रो भ्रष्टाचार निवारण हुने कुरामा या सुशासन कायम गर्ने कुरामा कर्मचारीहरुको क्षमता पहिचान गर्ने कुरामा, क्षमता पहिचानका आधारमा परिक्षण गर्ने, उसको क्षमता विकास गर्ने आधारमा महत्वपूर्ण योगदान दिन्छ भन्ने विश्वास हामीले लिएका छौं। त्यसकारणले अर्को पनिस्मेण्ट एण्ड रिवार्ड्को सजाय र पुरस्कारको प्रबन्ध गर्ने कुरामा पनि यसले महत्वपूर्ण भूमिका निर्वाह गर्छ भन्ने मेरो विश्वास छ। साथै हामीले अहिले धेरै कुरा उठ्या छ। सबै प्रदेशहरुमा र संघीय सरकार र प्रदेश सभा र राष्ट्रिय सभाका माननीय सदस्यहरुलाई सदस्यहरुलाई संघीय नेपाल सरकार र अरु ६ वटा प्रदेश सरकारहरुले माननीयहरुको छनौटमा कार्यक्रम संचालन गर्ने गरेर पैसा दिएको या रकम बजेट विनियोजन गरेको हुनाले यस पटक हामीले त्यसलाई अलिकति राम्रो ढंगले, अलिकति व्यवस्थित ढंगले गर्नु पर्‍यो त्यो काम भनेर निर्वाचन क्षेत्र पूर्वाधार विकास कार्यक्रमको शिर्षकमा एउटा निर्वाचन क्षेत्रमा २ करोड रकम छुट्टयाएर र यसको छुट्टाएर यसको प्रबन्ध गर्‍या छौं र यसको प्रबन्ध गरी रहँदाखेरि फेरि म दोहोर्‍याउँछु मैले धेरै पटक भनि सक्या छु यो रोष्ट्रमबाट, फोरमबाट दुई करोड रकम खर्च गर्ने कुरामा दुई तीन वटा प्रश्नहरु छन् उठेका प्रत्यक्ष निर्वाचित भएर आएको या अप्रत्यक्ष निर्वाचित भएर आएको हो निर्वाचित भनेसि सबै निर्वाचितै हो। हाम्रो अहिले दिमागमा के छ भने एक थरी निर्वाचित भएर आएको, अर्को फेरि त्यसै आएको भन्ने एक खालको व्याख्या पनि हुने गर्दछ। हामी सबै निर्वाचित भएर आएका हो। कसैले जनताले पार्टीलाई भोट हाल्यो अनि पार्टीले प्राप्त भएको मतका आधारमा उसले जति सिट पाउँछ त्यस सिटलाई आधार मानेर उसको बन्द सूची भित्र कति नामहरु थिए ती नामहरु मध्येबाट सबै पार्टीहरुले पठाउने हो। यो पनि निर्वाचितै हो। के त्यो निर्वाचनको निर्वाचित भएर पठाउने प्रक्रियामा मात्रै फरक हो। अर्को सिधै हामी प्रत्यक्ष पोस्ट हुने सिस्टम अन्तर्गत पहिलो हुनेले जित्ने निर्वाचित हुने प्रणाली अन्तर्गत हामी ३६ वटा निर्वाचन क्षेत्रमा ३६ जना निर्वाचित भएर आएका छौं। त्यसकारणले यो दुबै थरी माननीयहरुको कार्यविधि बनाउँदाखेरि प्रभावकारी भूमिका हुने गरेर तर त्यो एउटा कुरा हाम्रो कार्यविधि बनाउँदाखेरि के छ भने नेपाल सरकारको पन्ध्रौं पञ्चवर्षीय योजनामा आधारित भएर यसको लक्ष्य हामीले लक्ष्यलाई सँग जोडिने गरेर प्रथम सरकारको पञ्चवर्षीय योजना त्यसैमा आधारित भएर हाम्रो मध्यमकालीन दश वर्षे योजना अर्थात् दिगो विकासको लक्ष्य प्राप्ति गर्ने योजना र शताब्दि लक्ष्य पच्चिस वर्ष पछि हामीले प्राप्त गर्ने जुन लक्ष्यहरु निर्धारण गर्‍या छौं त्यसलाई आधार मानेर र मूलत: फेरि पूर्वाधार निर्माण मै जोड मात्रै खर्च गर्ने गरेर करारमा कर्मचारी राख्ने कुरा या त्यसै कुनै अनुत्पादक क्षेत्रमा खर्च गर्ने कुरा नगरिकन खर्च गर्ने गरेर हामीले कार्यविधि बनाएर यो रकम खर्च गर्नेछौं। त्यसकारणले यसलाई पनि अलि व्यवस्थित रुपले अगाडि बढाउनका लागि निवेदन गर्न चाहन्छु र कतिपय सैद्धान्तिक हिसाबको कुराकानी गर्दाखेरि व्यक्तिलाई पैसा दिने कुरा या माननीयहरुलाई पैसा दिने कुरा उचित होइन तर हाम्रो मुलुकमा शासन प्रणाली यस्तो चल्दै आयो कि हामी निर्वाचनमा यसढंगले चलाउँदै गयौं कि निर्वाचनमा भाग लिन माननीयहरुले सरकार बन्यो भने के हुन्छ भन्ने आधारमा होइन, सरकार मेरो हाम्रो बहुमत दिनुस हामीले सरकार बनाउँछौं सरकार बनाएसि मैले यो यो काम गर्छु भन्छ के हाम्रो सरकारले यो यो काम भन्दा पनि अनि माननीयलाई लिस्टकालिस्ट तपाईंको दशौं बिसौं आयोजनाहरुको माग गरिराछ। यहाँ पानी चाहियो, यहाँ स्कुल चाहियो, यहाँ स्वास्थ्य चौकि चाहियो, यहाँ कूलो चाहियो, यहाँ नहर चाहियो, यहाँ बाटो चाहियो, यो आमा समूहको भवन बनाइदिनु पर्‍यो, फुटबलको ग्राउण्ड मैदान बनाई दिनु पर्‍यो आदि इत्यादि हैन। धेरै मागहरु आई राख्या छ। अब यो सिस्टम आइ राख्या छ। सिस्टम त्यसरी आएको छ अब यो सिस्टमबाट हामी फेरि फर्कयौं यो सिस्टम छोडेर जान खोजेको हामी गतसाल अहिले फर्कनु पर्ने ठाउँमा हामी आई पुग्या छौं हामी, हामी अलि अलि प्रतिगामी पनि भएका छौं। यो हिसाबले भन्दाखेरि तर यसलाई म्यानेज गर्ने हो भनेदेखि मेरो धारणा के छ भने यदि विकास निर्माण सरकारकै हो साच्चै कुरा भन्दाखेरि सरकारले ल्याउने हो, नीति कार्यक्रम सरकारले ल्याउने, हो बजेट सरकारले ल्याउने हो, त्यसलाई कार्यान्वयन गर्नको लागि विधि विधान प्रक्रियाहरु बनाउने काम सम्मानित सदनको हो भन्ने कुरालाई मान्यता राख्ने हो भनेदेखि त्यसो भए हामी प्रत्यक्ष रुपमा निर्वाचन प्रणाली छोडौं अब समानुपातिक निर्वाचन प्रणालीमा जाउँ। समानुपातिक निर्वाचन प्रणालीमा जाँदाखेरि पार्टीहरुले जति मत पाउँछ मतको आधारमा उसले प्रदेश सभामा आफ्नो सांसद पठाउँछ। प्रतिनिधि सभामा आफ्नो सांसद पठाउँछ। राष्ट्रिय सभाको सलेक्शनको विधि प्रक्रिया बेग्लै छ त्यो हिसाबले त्यसो भयो भने माननीयहरुलाई मलाई भोट हालिएको छ मैले चुनावको बेलामा यो यो वाचा कबुल गरेर आएको छु। त्यस कारणले यो कुरा पुरा गर्नु पर्ने हुनाले मैले यो मलाई यो यो बजेट चाहियो यो यो तपाईंको कार्यक्रम चाहियो यो यो योजना चाहियो भनेर माग्ने स्थिति हुन्न। होइन

अहिलेको स्थिति चलि राख्ने हो भने त्यो बाध्यता माननीयहरुलाई छ। माननीयहरुले त्यो बाध्यता हुँदाखेरि सरकारलाई कस्तो अप्ठेरो पर्ने भन्दाखेरि सरकारले आफ्नो आवधिक योजना बनाएको छ प्लानिङ्ग कमिशनले केन्द्र संघ सरकारको प्लानिङ्ग कमिशनलाई पनि कम्पेटिबल हुने गरी हामीले त्यो बनाएका छौं। हाम्रो उद्देश्यहरु त्यो प्लानिङ्गलाई मिट गर्ने गरी हामीले योजना बनाउने हो नीति बनाउने हो, बजेट बनाउने हो, बजेट विनियोजन गर्ने हो। त्यो कुरामा हामी जान नसक्ने भयौं, यो सम्मानित सदनमा, संसदमा प्रश्नोत्तर गर्ने मानिसहरुले यो कुराहरुलाई हामी नकार्न गर्ने नकारे जाने परिस्थितिमा पनि त हामी छैनौं।किनभने यो सरकारको क्रियेटिभ नै यो प्रदेश सभा हो, यो प्रदेश सभाले नै यो सरकार बनाएको हो त्यसकारणले गर्दाखेरि यो सबै सरकारको यो आफ्नो कामलाई पनि ध्यान दिने हो भनेदेखि हाम्रो प्रणाली सरकार संचालन गर्ने प्रणालीमा चुनाव प्रणालीमा चुनाव प्रणालीमा केही न केही परिवर्तन गरेर मात्रै हामीले सैद्धान्तिक रुपले हामी समाधान गर्न सक्छौं। अहिले हामी त्यो ठाउँमा पुगि नसक्या हुनाले हामीले यसको प्रबन्ध गऱ्या छौं त्यस कारण त्यसलाई व्यवस्थित गरेर अगाडि जानुको विकल्प छैन। धेरै थोरैको कुरा के हो थाहा छैन मलाई। हामीले भन्या छौं मिनिमम दुई करोड जति केन्द्रले जति दियो त्यसको तपाईंको फिफ्टि प्रसेन्ट, सिक्टि प्रसेन्ट कति हुन्छ भनेर भन्या हो हैन तर हाम्रो धेरै कुरा गर्दाखेरि संघले त बढाबढै भो चार करोड दिने नै त्यो कायम गर्ने होला दुई करोड दिम्ला भन्या उसले छ करोड बनाई दियो तीन करोड दिन सक्ने स्थितिमा हाम्रो गण्डकी प्रदेश सरकार पुगिएन, पुग्न सकिएन। बजेटका अभावका कारण हामीले यसो गऱ्या छौं त्यसकारणले यसैलाई प्रभावकारी ढंगले कार्यान्वयन गर्ने कुरामा अब हाम्रो बजेटिङ्ग गर्दाखेरि छुटेका कुराहरुमा साना तिना, दश लाखका, पाँच लाखका हामी कसो हाम्रो कार्यविधिको तलको योजनाको सिलिङ्ग कति राख्छौं त्यसमा पनि आधारित हुन्छ। त्यो पनि छलफल गरौंला। मैले अस्ति पनि वचन दिया छु। त्यसको आधारमै बसेरै गरौंला। अर्को समस्या कहाँनिर भयो भनेदेखि जिल्ला समन्वय समितिले आफ्नो भूमिका प्रभावकारी भएन। अब संविधान अनुसार व्यवस्था के छ भने जिल्ला सभाको आफ्नो स्रोत भनेको प्रदेश, संघ सरकारले, नेपाल सरकार र प्रदेश सरकारले जति अनुदान दिन्छ त्यो अनुदान उसको स्रोत हो भन्या छ। उ सरकार नभएको हुनाले उसले राजश्व संकलन गर्न पाउने कुरा भएन। उसले ऐन कानून बनाउने कुरा भएन, बजेट विनियोजन गर्न पाउने बजेट छुट्टयाउने कुरा पनि भएन, त्यसकारणले गर्दाखेरि उसको स्रोत मुख्य स्रोत नै प्रदेश सरकार र नेपाल सरकार हो। गत वर्ष हामीले साढे सत्र करोड छुट्टयाएर राख्या हो। संघ सरकारले छुट्टाएन भनेर छुट्टयाउन नछुट्टाउन नि सक्दछ, प्रदेशले छुट्टयाओस् भनेर त्यसो भयो भने हामीले ढेड ढेड करोड चाहिन्छ होला भनेर त्यही हिसाबले छुट्टाएर राख्यौं पछि संघ सरकारले छुट्टाई दिया हुनाले हामी पहिलो वर्षमा छौं। हामी त्यो सबै ठूलो रकम खर्च गर्न सक्ने स्थितिमा छैनौं त्यस कारणले त्यसलाई विकास निर्माणकै संरचनाकै निर्माणकै कुरा काममा खर्च गरौं भनेर हामीले गत साल प्रबन्ध गऱ्यौं। यस पटक उहाँले धेरै माग गर्नु भाथियो, हामीले अलिकति मिस्टेक भयो हाम्रो बुझाईमा अलिकति समस्या भयो हैन ? मैले जिल्ला समन्वय समितिको पदाधिकारीसँग जे कुरा भन्या थियौं, अर्थ मन्त्रीज्यूसँग पनि उहाँहरुको कुराकानी भाथियो। यहाँ अहिले पचपन्न लाख मात्रै भएको छ हिजो उहाँको समितिको साथीहरु नै आउनु भएर एउटा जिल्ला समन्वय समितिलाई पाँच लाख दिने कुरामा हाम्रो गम्भिर चाँहि आपत्ति छ। सारै अपमान भो हाम्रो, हामी फिर्ता गर्छौं त्यो भनेर फिर्ता भनेर जानु भयो। फिर्ता किन गर्नु हुन्छ? केही त गऱ्यो सरकारले बल्ल बल्ल दिई रहेको छ। सरकारले त्यसमा अलिअलि पाँच दस लाख फेरि पनि थपौंला। सकिदैन भने अहिले ढोका त खोल्यो नि त चाबि खोल्यो, ढोका खोल्यो, अब यो काम त अब प्रारम्भ भयो। यसलाई त्यसरी रुपमा लिनु होला भनेर भन्या छौं। यसमा हामीले यस पटक अलिकति समस्या पैदा भएको छ रकम थोरै भयो भनेर। अ उहाँहरुको धेरै रकम खर्च गर्ने ठाउँ पनि छैन। खाली अनुगमनको कामलाई कसरी प्रभावकारी गराउने र अनुगमनको जिम्मा हामीले उहाँहरुलाई थप दियौं भने मात्रै उहाँहरुलाई पैसा अलि खर्च गर्न सक्ने ठाउँ हुन्छ। सोच्या चाँहि के थियो भने हाम्रो पूर्वाधार विकास कार्यक्रम जे हुन्छ। त्यो मसिनो मसिनो कार्यक्रम धेरै हुने भाहुनाले सायद एउटै निर्वाचन क्षेत्रमा पन्ध्र बिस वटा कार्यक्रम हुन सक्दछ हाम्रो कार्यविधि अनुसार त्यसो भए त्यसको सबैको अनुगमन गर्ने हिसाबले कुरा हाम्रो कमजोर कार्यालयहरुले कर्मचारीहरु थोरै भएको कार्यालयहरुलाई गाह्रो होला। जिल्ला समन्वय समितिलाई नै दिने हो कि ? त्यस्तो गर्दाखेरि अलिकति रकम छुट्टाईदिनु पर्ला भन्ने भो। यस पटक त्यसको अलि अलि समस्याहरु कमजोरीहरु त्यहाँ भएको छ। अब अर्को कुरा एकीकृत प्रशिक्षण प्रतिष्ठान भन्या छ। नाम हामीले अलग राख्या छौं त्यो भनेको प्रदेश प्रशिक्षण प्रतिष्ठान नै हो जसको हामीले ऐन बनाएका छौं त्यो ऐनको अनुसार हामीले एक्याडमी स्थापना गर्नु पऱ्यो त्यसको लागि चालु खर्चमा हामीले एक करोड जति

छुट्याएको लाग्छ मलाई।पचास लाख छुट्याएका छौं। कार्यालय स्थापना संचालनको लागि कर्मचारी चाहियो हामीलेअघि नै बनाएकोकार्यकारी अधिकृत पनि चाहियो। त्यसमा केही कर्मचारीहरु पनि चाहिन्छ। त्यसको भवन संरचना निर्माणको लागि हामीले यस पटक ६(छ) करोड रकम छुट्याएका छौं। जस कारणले यो यति किन गऱ्या? हामीले साथीहरुले यो पनि कुरा उठाउनु भयो माननीयज्यूहरुले यो प्रशिक्षणमा धैरै पैसा उठायो धैरै पैसा राख्यो। यो सन्दर्भमा म एउटा कुरा के भन्न चाहन्छु भने अर्थ मन्त्रीज्यूसँग मेरो सल्लाह भाछ भने, यस पटक मन्त्रालयमा शिर्षकगत रुपमा दुई लाख, पाँच लाख, पचास हजार, तीस लाख, चालिस हजार त्यस्तो पनि धैरै प्रेसरका कार्यक्रम राख्या हुन्छ। त्यसलाई हामीले सबै काटेर मिनिमम जति नभई नहुनी हो जति हुने हो गरेर रकम पनि कटौती गर्दै गर्दै लगेर एक अरब रकम निकालौं सकभर र एक अरब जति हामीले सडक निर्माणमा या खानेपानी, सिंचाईमा खर्च गरौंला भनेर हामीले सल्लाह गर्या थियौं। त्यसबेला हामीले घटाउन निकै घटायौं मन्त्रालयबाट आएको त्यसको प्रशिक्षणका कार्यक्रमहरु, तालिमका प्रशिक्षणका कार्यक्रमहरु हैन ? तर घटाउँदा पनि हामीले पचास चालिस करोड भन्दा पुऱ्याउनै सकेनौं त्यस कारणले भन्दाखेरि फेरिपनि कतिपय कुराहरुमा टेकनिकल मन्त्रालयहरुमा धैरै प्रशिक्षण चाहिने हुन्छ। धैरै स्वास्थ्य मन्त्रालय टेकनिकल मन्त्रालय भयो, कृषि मन्त्रालय त्यस्तै भयो, वन मन्त्रालय त्यस्तै भयो, धैरै मन्त्रालयहरु भएको हुनाले त्यसमा प्रशिक्षणमा मात्रै काटनी भनि काटेर मात्रै भएन अनिवार्य आवश्यकता परेको कुराहरुलाई राख्ने कुरा भएको छ। त्यो प्रशिक्षणको कुरा हो र यो प्रशिक्षणको कुरा अलग अलग छ। त्यो मन्त्रालयगत रुपमा प्रशिक्षणको कुरा हो हामीले यहाँ के भन्यौं भनेदेखि प्रदेशको सबै कर्मचारीहरुलाई संघीय शासन प्रणालीको मर्म र भावना अनुसार प्रशिक्षित गर्न जरुरी छ। अहिलेको नयाँ जुन संरचना परिवर्तन भयो, जुन व्यवस्था परिवर्तन भयो, त्यस अनुसार उनीहरुको कार्यशैली परिवर्तन कुरा, उनीहरुको कार्यपद्धतिमा परिवर्तन गर्ने कुरामा हामीले प्रशिक्षित गर्नु पर्नेछ। तेतिखेर तपाईंको होस्टाइल नहोस् कि पुरानो कर्मचारीको वर्किङ्ग स्टाइल र अहिलेको नयाँ व्यवस्था बिचको अन्तर्द्वन्द भएर डेलिभरी दिने कुरामा समस्या भई राखेको छ, त्यो कुरा अन्त्य गर्नको लागि कर्मचारीहरुलाई नयाँ परिस्थिति अनुरुप तालिम दिनु पर्ने भन्ने छँदैछ र यसले एउटा वर्किङ्ग क्यालेण्डर बनाई ३६५ दिनको वर्किङ्ग क्यालेण्डर बनाएर बाह्रैं महिनाको वर्किङ्ग क्यालेण्डर बनाएर तालिमको प्रबन्ध गरोस् भन्ने चाहनाको अनुसार हामीले छुट्याएको त्यसो गर्दाखेरि त्यो पचास लाख पनि या त्यो रकम पनि थोरै हुन सक्दछ। त्यस्तै प्रकारले फेरि हाम्रो जनप्रतिनिधिहरु छन्। पच्चासी वटा स्थानीय तहका प्रतिनिधिहरु एघार वटा जिल्लाकै जनप्रतिनिधिहरु उनीहरुलाई पनि हामीले तालिमको प्रबन्ध गर्नुपर्ने, एमपावर गर्नुपर्ने हाम्रो पनि जिम्मा छ हैन? त्यस कारणले त्यो कामहरुमा पनि हामीले धैरै कामहरु गर्नुपर्ने छ। हाम्रो माननीयहरु हामी आफै पनि मन्त्रीहरु माननीयहरुको पनि एमपावरमेण्टको कुरा छ। त्यस कारणले यो सबैको क्षमता विकासको कुरा छ। यो तालिमको लागि हामीले यस पटक प्रबन्ध गऱ्या छौं त्यस कारणले यो तालिम हाम्रो लागि अहिले नभई नहुने तालिम हो र जनशक्तिको उचित व्यवस्थापन गर्न नसकेसम्म, दक्ष जनशक्ति उत्पादन गर्न नसक्नेसम्म, भ्रष्टाचारको नियन्त्रणका नियन्त्रणको कुरा, सुशासन कायम गर्ने कुरा, क्विक डेलिभरि, सर्भिस डेलिभरी गर्ने कुरा सम्भव छैन। त्यस कारणले त्यसको लागि हामीले हाम्रो संमृद्धिको प्रारयरिटीको छैटौं नम्बरमा जनशक्तिको समुचित विकास गर्ने भन्या छौं त्यो भनेको हाम्रो प्रदेशमा रहेका मन्त्रालयहरु, विभिन्न संस्थाहरु, विभिन्न निकायहरु, विभिन्न आयोगहरुमा काम गर्ने मान्छेहरुको क्षमता अभिवृद्धि नै हो हैन? कतिपय यस पटक बजेट खर्च गर्न नसकेको प्राविधिक कर्मचारीहरुको अभाव तिनिहरुको योग्यताको कमी तिनिहरुको दक्षताको कमी हामीलाई चाहिने चाहिने कर्मचारीको कमीले पनि हामीले धोखा पाई राख्या छौं त्यस कारणले त्यसको क्षमता अभिवृद्धि पनि हाम्रो आजको आवश्यकता हो त्यसको लागि हामीले यो ट्रेनिङ्ग एकेडेमी खोल्ने त्यसको लागि भवन बनाउने र भवन बनाउने सन्दर्भमा एउटा कुरा यहाँनिर के भन्न चाहन्छु भनेदेखि मन्त्रिपरिषद्को बैठकमा हामीले छलफल चलाएर के भनेको भनें देखि हामीले सबै जग्गाहरु पहिचान गर्ने, भौतिक संरचनाहरु निर्माण गर्ने, प्रदेश सरकारलाई चाहिने भौतिक संरचना निर्माण गर्नको लागि जग्गा पहिचान गर्नको लागि हामीले कार्यक्रमहरु बनाएका थियौं खास गरेर भौतिक भौतिक विकास मन्त्रालयको सचिवको नेतृत्वमा एउटा समिति बनाएका थियौं त्यो समितिले चार महिना लगातार लगातार काम गरेर एउटा रिपोर्ट दिई राखेको थियो एउटा कित्ता नम्बर यसको क्षेत्रफल र नाम सहितको यसको कुन ठाउँमा कुन मन्त्रालय कुन कार्यालयको भवन बनाउने भनेर पनि उनीहरुले सिफारिस गऱ्या थिए। त्यसको आधारमा मन्त्रिपरिषद्को बैठकले सायद मलाई लाग्छ १३-१४ महिना अगाडी होला त्यो महिना अगाडी हामीले सबै क्याबिनेट निर्णय गरेर हामीले संघीय

सरकारमा पठाईदिएको हो। यो यो ठाउँमा यो यो मन्त्रालय बनाउने कार्यालय बनाउने भनेर हामीले पठाएको आजका दिनसम्म त्यसको अत्तो पत्तो छैन र यस पटक फेरि हामीले धैरै पटक संघीय सरकारको कान तताएकै छौं। अब त्यसको प्रबन्ध हामीले गर्छौं गर्छौं भनी राखेको छ र त्यसमा हामीले के भनेका हौं भनेदेखि प्रदेश सभा भवन कहाँ राख्ने ? प्रदेश सभाको सचिवालय कहाँ बनाउने? भन्दाखेरि हाम्रो सोचाई के थियो भनें एउटै ठाउँबाट सबै प्रशासनिक डेलिभरी होस्। सर्भिस डेलिभरी होस् त्यसो हुँदाखेरि जनतालाई सुविधा हुन्छ, त्यसकारण एउटा एडमिनिस्ट्रेटिव जगह हामीले रत्न वरिपरि पार्कमै बनाउने र अहिले हेभि इक्विपमेण्ट भएको ठाउँ या राष्ट्र बैंक पछाडी जुन माथितिर रहेको छ त्यहाँ प्रदेश सभा भवन बनाउने त्यहीं प्रदेश सभा सचिवालय बनाउने र यता पट्टी जेलको हामी मन्त्रालयहरु बनाउँछौं, भनेर हामीले निर्णय गरेका थियौं। तर यस पटक हामीले के छुट्यो भने त्यो हेभि इक्विपमेण्ट डिभिजन कार्यालय संघीय सरकारको मातहतमा रहेकोले फेरि उसको अर्को माथापच्चि गर्ने भयो। त्यसो हुनाले हामीले के निष्कर्षमा पुगेका छौं भने प्रदेश सभा भवन हामी यहि ठाउँमा बनाउँछौं गण्डकी प्रदेश प्रतिष्ठान पनि हामीले यहिं बनाउँछौं। दुई वटा कार्यालयलाई पुग्ने जग्गा यहाँ छ। यहि बनाउने भनेर हामीले निर्णय गऱ्या छौं त्यसकारणले त्यो सभा भवन चाँडौ भन्दा चाँडौं भनेर हामीले त्यसको लागि रकम छुट्याएका छौं। अब अर्को प्रदेश लोक सेवा आयोग गठन गर्ने बाटो खुल्या छ। लोकसेवाको विधेयक यो सम्मानित सदनमा हामीले पेश गऱ्या छौं। त्यो विधेयक पास हुने बित्तिकै प्रदेश लोक सेवा अब गठन गर्नु पऱ्यो। यसमा जे प्रावधान छ प्रावधानको आधारमा प्रदेश लोकसेवा गठन भई सकेपछि त्यसको कार्यालयल स्थापना गर्नु पऱ्यो त्यसको चालु खर्चको प्रबन्ध गर्नु पऱ्यो, प्रशासनिक खर्चको प्रबन्ध गर्नु पऱ्यो साथै त्यसको फन्शनिङ्गमा धैरै खर्च लाग्छ भने त्यसको करिब छ करोड, छ करोड रकम हामीले छुट्टाएका छौं त्यो छ करोड भित्र भवन निर्माण गर्ने तीन करोड सहितको रकम हुन्छ यसरी तीन करोड कार्यालय स्थापना गर्ने धैरै ट्रेनिङ्ग धैरै परीक्षण लिइएको पर्ने हुनाले खर्च पनि धैरै हुन्छ, भवन पनि निर्माण गर्ने भनेर त्यसको लागि हामीले छुट्टयाएका छौं। त्यसो गरेर मात्रै हाम्रो प्रदेश साँच्चै साँच्चै नै आफ्नो प्रदेश स्वायत्त सरकार हो त्यसको अनुभूति जुन हामीले लोकसेवा आयोग गठन गरेर निजामति कर्मचारीहरु प्रदेशलाई चाहिने तल चाहिने गठन गर्छौं भर्ना गर्ने प्रक्रिया हामी अगाडी बढाउँछौं। त्यो बेला मात्रै अलिकति जनशक्तिको व्यवस्थापनमा प्रदेशको स्वायत्तको प्रत्याभूति हुने भाहुनाले यसलाई हामीले जोडका साथ उठाएका छौं र अर्को कुरा भनेको विद्युतीय सुशासन गुरुयोजना, गत वर्ष पनि हामीले भनेको हो जेनेरली त्यसको सामान्य हामीले ड्राफ्ट बनाएका छौं यसको इ-गभर्नेन्स स्थापनाको लागि करिब पाँच छ अरब लाग्ने भाहुनाले यो यो गभर्मेन्टसँग तालमेल गराउनको लागि वैधानिक सल्लाह गर्नु हामीले त्यसलाई पनि तोक्या थियौं तर त्यो काम मैले अहिले अगाडी बढाएको छैन। किनभने फेरि विदेशसँग ऋण लिनु पर्ने विदेशसँग ऋण लिंदाखेरि फेरि संघ सरकारको अनुमति लिनु पर्ने धैरै तपाईको माथापच्चीि गर्नु पर्ने त्यहि माथापच्चि गरि राख्या त्यसैले पनि यो काम अगाडी बढेको छैन। संरचनाकै काममा अगाडी बढाउन त्यो बाटोकै काम अगाडी बढाएको छैन, प्रदेशलाई चाहिने भवनको काम अगाडी बढाएको छैन, तपाईंको त्यो आईटीमा किन यति खर्च गर्छौं इगभर्नेन्सलाई किन यति खर्च गर्ने भनेर मलाई बचन लगाएको पनि छ तर यो कुरा भवन बनाएर मात्रै हुन्न त्यसलाई प्रभावकारी ढंगले संचालन गर्नको लागि यो धैरै आवश्यक छ भन्दाखेरि भ्रष्टाचार गर्नु भन्दा पनि त्यसको लागि इ-गभर्नेन्स नै सबैभन्दा महत्वपूर्ण पाटो हो।इ-गर्भनेन्स स्थापना गर्यो भनेदेखि भ्रष्टाचारको ५०% घटछ भन्ने मेरो विश्वास छ। त्यसमा प्रभावकारी ढंगले हामीले ऐन कानून बनाउने संरचना निर्माण गर्ने हो भने भ्रष्टाचार नियन्त्रण गर्न पनि इगभर्नेन्सको महत्वपूर्ण भूमिका छ जनताले घरमै बसेर कतिपय सेवा पाउन्छन् तब मेन टु मेनुअल वर्क स्वात्तै घटेर जान्छ। जब म्यानुअल कुरा घटेर जान्छ मान्छेसँग बार्गेनिङ्ग गर्ने कुरा भेटघाट गरेर तपाईंको कमिशनको लागि बार्गेनिङ्ग गर्ने कुरा स्वत: घटि हाल्ने भयो त्यसैले सुशासन कायम गर्ने कुरामा महत्वपूर्ण भूमिका निर्वाह गर्छ भन्ने पनि हुन्छ त्यसैले विद्युतीय सुशासन बनाउने कुरामा हामीले जोड दिएकै छौं। अब यहाँ अलिअलि कन्फुज हुने कुरा मुख्यमन्त्री कार्यालयमा प्रदेश सभा भवनको डि.पि.आर. बनाउने ५० लाख रकम छ। उता भवन बनाउँदा अर्कोतिर रकम छुट्याएका छौं हामी एकै ठाउँमा राखिदिए पनि हुन्थ्यो तर अब डि.पि.आर. तयार गर्ने काम मुख्यमन्त्री कार्यालय मार्फत हुन्छ त्यो काम गर्ने फेरि भवन निर्माण कार्य सहरी विकास मन्त्रालयले हुन्छ र अरु सबै भवनहरु पनि त्यसैले बनाउने भाहुनाले त्यसमा हामी कुनै कन्फयुजनमा पर्ने जरुरी छैन। डिपिआर बनाउनु नै पऱ्यो। इष्टिमेट नगरिकन हामी टेण्डरमा जान नसक्ने भयो। टेण्डरमा जानु भन्दा अगाडी तपाइको कामको लागि हामीले यो रकम छुट्टयाएको हो भन्ने कुरा नि यहाँहरुले बुझ दिनु पर्छ। अर्को चाँहि प्रदेश विकास प्राधिकरणको कुरा उठ्या छ त्यो चाँहि नयाँ

संरचनाको कुरा हो। हामीले यो चाँहि विषयमा जानु भन्दा अगाडी यहाँहरु समक्ष म के निवेदन गर्न चाहन्छु सभामुख मार्फत म माननीय सदस्यहरुलाई म के अवगत गराउन चाहन्छु भन्दाखेरि अन्तरप्रदेश परिषद्को बैठकमा मुख्यमन्त्रीले बारम्बार उठाएको विषय के थियो भने प्रधानमन्त्रीको सामु अर्थमन्त्री र गृहमन्त्रीको सामु बारम्बार उठाएको विषय के थियो भने कर्मचारीको जुन खालको समायोजन भयो यो कर्मचारीको समायोजन व्यवस्थित भएन, व्यवस्थित भएन भन्दाखेरि व्यवस्थित छँदै थिएन। व्यवस्थित नहुँदाखेरि गण्डकी प्रदेश सरकारले के भन्यो प्रदेश कर्मचारी धेरै मागेर मात्र हुँदैन त्यसको खर्च पनि धेरै नै हुन्छ त्यसकारणले हामीलाई चाहिने जति मात्रै कर्मचारी लियौं बत्तिस सयको हामीले यहाँबाट हिसाबकिताब गरेर पठायौं अब त्यहाँ सुदुरपश्चिमले पैंतालिस सय पठाएछ अन्दाजमा जति धेरै मागेनि धेरै मागे पछि जति गर्दापनि अलि थोरै चाँहि धेरै नै आउँछ भनेर उसले पैंतालिस सय पठाएछ। हामीभन्दा त उनीहरु कम हुनु पर्ने हो। कर्णाली र उनीहरु कम हुनु पर्ने हैन? हामीले बत्तिस सय पठायौं त्यसको चाँहि सिक्टिसेभेन प्रसेन्ट या दुई तिहाई गर्दाखेरि बाइस सय जतिको चाँहि हिसाब गऱ्यो तिनीहरुले उनीहरुले पैंतालिस सयको सत्तरि प्रसेन्टको हिसाबले उनीहरुले बढि पाउने भयो। त्यसकारणले यो अत्यन्त अवैज्ञानिक, अव्यवहारिक, अवस्तुवादी छ भनेर हामीले धेरै पटक कुरा उठाएर अहिले जे हो त्यति भाछ त्यसलाई तुरन्त पठाई दिने यसको रिभ्यू गर्नु पर्छ हामीले र रिभ्यू गर्नु पर्छ भन्दा प्रधानमन्त्रीले तपाईको रुलिङ्ग गर्नु भाथियो लास्टमा चाँहि बैठकको आरम्भ गर्दा फेरि पनि प्रदेशहरुले ओ एण्ड एम अर्गेनाइजेशन एण्ड म्यानेजम्याण्ट रिपोर्ट तयार गर्ने, वैज्ञानिक तयार गर्ने, त्यो वैज्ञानिक रिपोर्टको आधारमा त्यसको आधारमा फेरि चाँहि कर्मचारीको समायोजन गर्ने भन्या हुनाले हामीले नेशनल स्टाफ कलेज जावलाखेलको स्टाफ कलेको सम्झौता गरेर गण्डकी प्रदेशको लागि प्रदेशको ओ एण्ड एम रिपोर्ट तयार गर्नको लागि उनीहरुलाई हामीले बाइस लाख खर्च गऱ्या छौं। उनीहरु अहिले अध्ययनको क्रममा छन्। धेरै जिल्ला जिल्लामा गएर, सबै ठाउँमा गएर कस्तो कस्तो संरचना चाहिन्छ? कुन कुन संरचना चाहिन्छ ? प्रदेश सरकारलाई साझा अधिकारको सूचीमा के के संरचना चाहिन्छ ? या तपाईंको आफ्नो एकल अधिकारको सूचीमा के के अधिकार चाहिन्छ ? कार्यविस्तृतिकरणले के के कुरा भन्या छ त्यो सर्र सबै कुरा हेरेर संरचनाको प्रबन्ध गर्ने। संरचनाको आधारमा जनशक्तिको व्यवस्थापन गर्ने भनेर तयार गर्ने अन्तिम अन्तिम पुग्दैछ। उसले पनि हामीलाई बारम्बार के भन्यो भनेदेखि गण्डकी प्रदेश सरकारले यो ओ एण्ड एम रिपोर्ट तयार गरी रहँदाखेरि एउटा मुख्यमन्त्रीको कमाण्डमा रहेको र शक्तिशाली त्यस्तो एउटा प्राधिकरणको व्यवस्था गर्नु पऱ्यो जसले संघ सरकारसँग सिधै कुराकानी गर्न सकोस् अाखिर मन्त्रालयगत कुराहरु पनि क्याबिनेटमा पास गऱ्यो क्याबिनेटबाट पास गरेर फेरि मुख्यमन्त्री कार्यालयबाट नै जाने हुन्छ पहिलो कुरा संघ सरकारसँगको धेरै कुराकानी गर्दाखेरि साझा अधिकारभित्रको सूचीको कुरा, एकल अधिकारको सूची भित्रको कुरा या वैदेशिक तपाईंको ऋण लिने कुरा, सबै कुरा गर्दाखेरि चाँहि त्यसरी गर्नु पर्ने हुन्छ। पहिलो कुरा दोस्रो कुरा चाँहि यो वैदेशिक अनुदान या ऋण सहयोग आदि इत्यादि के हुन्छ त्यसको पनि प्रभावकारी संरचना नभईकन हुँदैन। उनीहरुले विश्वासै नगर्ने भो। दोस्रो कुरा तेस्रो कुरा चाँहि जो प्रदेशको गौरवको आयोजनाको कुरा गरी राखेका छौं प्रदेशका गौरव आयोजनाको कुरा गर्दाखेरि यसमा हामीले हाम्रो उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयले रकम खर्च गर्ने मन्त्रालय मध्ये एउटा त्यो मन्त्रालय पनि एक पर्छ। अहिले त्यसको रिपोर्ट आएको छैन तर त्यस्तो हुन्छ जस्तो लाग्छ मलाई। त्यसको एउटा रकम खर्च गर्न सकेन। हामीले डेभेलेपमेण्ट प्रोजेक्ट तयार गर्ने भनेर प्रदेशको गौरवको आयोजनाहरुको चाँहि प्रोजेक्ट बैंक तयार गर्ने त्यो प्रोजेक्ट बैंक तयार भई सकेपछि त्यसको फिसिबिलिटि स्टडी या डिपिआर तयार भई सकेपछि त्यसको इन्भेस्टमेन्ट कन्फ्रेन्स गर्ने भनेको हामीले लगानी सम्मेलन भन्या थियौं त्यो लगानी सम्मेलन किन गर्न सकेनौं भनेदेखि लगानी सम्मेलनमा हामीले लगानीकर्ताहरुको अगाडी पस्कने कुनै योजना तयार भएन, हाम्रो त्यसको फिजिबिलिटि स्टडी तयार हुन सकेन, त्यसको डिपिआर पनि तयार हुन सकेन। त्यसकारणले त्यस्ता कारणले गर्दाखेरि मन्त्रालयको आफ्नै काम धेरै छ किनभने एउटै मन्त्रालयले पाँच सात वटा मन्त्रालयको काम हेर्ने भाहुनाले हाम्रा मन्त्रालयको कामको लेभल हेर्दाखेरि कामको सिमा हेर्दाखेरि यो सबै मोटो मोटो ठूलो ठूलो कामहरु गर्न सक्ने देखिएन। हाम्रो अनुभवले त्यो भन्या भाहुनाले यस्तो प्रोजेक्टहरु तयार गर्ने र प्रोजेक्टहरुलाई नीजि क्षेत्रले आव्हान गर्ने कुरा वैदेशिक लगानी या प्रविधि र पूँजी भित्राउने कुरा, संघ सरकारसँग डिल गर्नु पर्ने विकास निर्माणका कुराहरु, खास गरेकन काम गरिकन डिसिजनमा हाम्रो सम्पूर्ण अनुदानमा जोड लगाउने कुरामा त्यसको महत्वपूर्ण भूमिका हुन्छ भनेर हामीले अहिले तत्कालको लागि यो सदा सदा घामजुन रहेसम्म रहने कुरा कुनै पनि संस्थामा हुँदैन होला त्यसकारणले अहिले तत्कालको लागि हामीले यो प्रबन्ध

गऱ्या छौं । यो पाँच वर्ष बाँकि चार वर्षको अवधिमा यो अभ्यास गर्छौं हामीले। त्यसले कस्तो परिणाम दिन्छ किनभने संघ सरकारले पनि पहिला यो वैदेशिक अनुदान सबै व्यवस्थापन गर्ने जिम्मा वैदेशिक सहायता महाशाखा अर्थमन्त्रालय अन्तर्गत थियो त्यसले डिलिङ्ग गर्दाखेरि त्यो व्यवस्थापन हुन सकेन। ठूलो ठूलो लगानी दश अर्ब, बिस अर्ब, पचास अर्बको लगानी त्यो महाशाखाले व्यवस्थापन गर्न सकेन त्यस कारणले संघमा पनि त्यो योजनाहरुको व्यवस्थापन गर्न नसक्ने रहेछ। त्यसकारणले योजना आयोगले व्यवस्थापन गर्न सकेन, अर्थ मन्त्रालयको कुनै शाखा महाशाखाले व्यवस्थापन गर्न सकेन, विभागले व्यवस्थापन गर्न सकेन त्यसकारणले प्रधानमन्त्रीको नेतृत्वमा रहने या अर्थ मन्त्रालयको मन्त्री पनि रहने योजना आयोगको उपाध्यक्ष पनि रहने गरेर एउटा शक्तिशाली लगानी बोर्डको परिकल्पना त्यसकारणले केन्द्रले गऱ्या हो त्यसकारणले त्यसको नक्कल त गऱ्या होइन तर पनि यहाँ पनि चाहिने रहेछ यहाँपनि। अहिले नक्कल गरेको जस्तो देखिए पनि गण्डकी विकास प्राधिकरण यसो अर्थमा हामीले गऱ्या हो र यसमा हामीले चौध करोड रकम किन राखेका छौं ? हामीले यो गत वर्ष भनेको आठ करोड रकम डि.पि.आर. हरु तयार गर्नको लागि, फिजिबिलिटी तयार गर्नको लागि हो कम से कम दश करोडको त्यस्तो गौरवको आयोजनाको तयार गर्नु पऱ्यो भन्या थियौं त्यो काम बाँकि एउटा थियो, त्यही काम गर्नका लागि हो । बाँकि अरु थप कुराहरु केही डिपिआर गर्नु पर्नेछ। त्यसको लागि हामीले सबै डिपिआरको रजिष्टरको काम त्यहाँ राख्या छौं र त्यसको संचालनको लागि हामीले पचास लाख रुपैयाँ प्रबन्ध गरेको जस्तो लाग्छ। एक करोड रुपैयाँ चालु खर्चमा राख्या छौं बाँकि चौध करोड रुपैया हामीले यो सर्वेप्रोजेक्टको बोर्ड तयार गर्नका लागि हामीले छुट्टयाएका छौं। अरु पनि धेरै प्रभावकारी कामहरु अनुगमनको कामपनि यसले गर्न सक्ने भयो लगानी भित्राउने काम पनि यसले गर्न सक्ने भयो, संघ सरकारसँग पनि डिलिङ्गको काम पनि गर्न सक्ने भयो। त्यस्तो एउटा संस्थाको अपरिहार्यता अनुभूति गऱ्या हुनाले हामीले विकास प्राधिकरणको कन्सेप्ट ल्याएका छौं। अर्को एउटा, यस पटक हामीले जीप, कार खरिदमा तीन करोड रकम राख्या छौं। त्यो भन्या दुई वटा गाडी किन्छौं हामीले एउटा प्रदेशको मुख्यमन्त्री कार्यालयमा अरु तीन वटा मन्त्रालय त्यहीं छ आफू समेत तीन वटा मन्त्रालय त्यहीं भाहुनाले कर्मचारीहरुको ओसार पसारको लागि एउटा गाडी चाहियो। यो प्रदेश सभाको लागि पनि एउटा गाडी चाहिएको भन्ने छ। प्रदेश सभाको त चाहिने छ यो थाहा छैन। दुई वटा गाडी मिनिमन दुईवटा बक्स किन्नु पर्ने छ हामीलाई र बक्स किन्दाखेरि हामीले प्रोबेबली हामीले अल्टरनेटिभ इनर्जीबाट बिजुलीबाट चल्ने गाडी किन्नु पर्नेछ भन्ने छ हामी पेट्रोलियम पदार्थबाट भन्दा पनि त्यो अलि महंगो हुन्छ किन्ने त थाहा छैन त्यसको अहिले प्रबन्ध गर्ने। केही निकायहरु केही आयोगहरु गठन गर्दैछौं त्यसको लागि केही गाडीहरु देखि लिएर त्यसको प्रबन्ध गऱ्या छौं। अर्को कुरा हामीले प्रदेश विकास परिषद गठन गरी सक्या छैनौं।प्रदेश विकास परिषदको गठन गरी त्यसको बैठक राख्नु पर्नेछ।त्यो सामान्य कुरा हो तर आवधिक योजना निर्माण गर्ने प्रदेशको योजना निर्माण गर्ने संघको योजनासँग दिगो विकासको लक्ष्यसँग तादत्मयता राख्ने हाम्रो यो प्रदेश मात्रै हो र हाम्रो प्रदेशको प्लानिङ्गको त्यो खाका हेरेर अरु सबै प्रदेशहरुले हाम्रो प्रदेशलाई आफ्नो रेफरेन्स बुकमा आफ्नो योजना बनाई राखेको छ तर त्यसमा हामीले यसमा आधिकारिक रुपमा हामीले प्रदेश विकास परिषदको बैठक राखेर गर्नु पर्ने हुन्छ त्यसको लागि हामीले थोरै रकम छुट्टयाएका छौं। बिस लाख जति छुट्टयाएका छौं त्यो नपुग पनि हुन सक्दछ पच्चिस लाख तर यो काम एकदमै महत्वपूर्ण काम छ र प्रदेश समन्वय परिषदको काम पनि यहाँहरुले बजेट हामीले तीस लाख छुट्टयाएका छौं शायद तीस लाखले नपुग्न पनि सक्छ फेरि यो तपाईंहरुलाई धेरै लाग्या होला तीस लाख किन चाहियो भनेर होला? गत वर्ष हामीले १० लाख छुट्टयायौं ५-६ लाखमा पुग्छ होला भनेर। पहिलो बैठक त हाम्रो पाँच छ सात लाखमा सक्यो। दोस्रो बैठक हाम्रो बीस लाखमा किनभने दुई दिन त राख्नु पऱ्यो सबै त आउनु पऱ्यो र त्यसमा महत्वपूर्ण काम पनि भएको छ हाम्रो प्रदेशको राजनीतिक समस्याहरुको समाधान, कहिं सिमानाको होला, कहिं केन्द्रको होला, कहिं वडाको विवाद हो भने त्यसलाई समाधान गर्न मुख्यमन्त्रीको नेतृत्वमा एउटा सहजीकरण समिति सहयोग समिति गठन गरेको छौं हामीले सपै ऐन कानूनहरु तपाईंको कानूनसँग मिल्नु पऱ्यो विधि प्रकृया मिल्नु पऱ्यो, अवैध ढंगले बनाई राख्या देखिन्छ। प्रकृया नपुऱ्याइकन बनाई राखेको देखिन्छ त्यसकारणले कानून निर्माण गर्ने कुरामा पनि प्रदेश सरकार र स्थानीय सरकारको बिचमा तारतम्यता होस् कन्सिस्टेन्सी होस् कम्पेटिबल होस् भनेर हामीले स्थानीय तहमा कानून तर्जुमा सहजीकरण समिति बनाएका छौं त्यो समितिले विभिन्न ट्रेनिङ्गहरु गरी राख्या छ। यो हामीले तीस लाखमा सामान्य कार्यालयको खर्च पुग्ला भनेर गऱ्या छौं किनभने यसमा एक डेढ करोड लाग्न सक्छ र अहिले हामी विभिन्न एनजिओसँग हाम्रो मुख्यन्यायाधिवक्ताको कार्यालय जो यसको संयोजक हुनु हुन्छ उहाँले संयोजन गरेर धेरै काम गऱ्या हुनाले करिब करिब एक करोड बराबरको सहयोग

हामीलाई ल्याउन सक्छौं होला भनेर आशा राखेको छ र अरु प्लानिङ्ग कमिशनको उपाध्यक्षको नेतृत्वमा स्थानीय तहमा योजना तर्जुमा गर्दाखेरि प्रदेशको योजना तर्जुमासँग तादात्मयता मिल्नु पर्‍यो, वर्क प्लान मिल्नु पर्‍यो, संघको योजना छ भने त्यो वेवलेन्थ मिल्नु पर्‍यो त्यसको सोंच, लक्ष्य र कार्यक्रम एकै दिशातिर फर्केको बनाउनु पर्‍यो त्यसको हिसाबले पनि हामीले काम गर्‍या छौं र हाम्रो उपाध्यक्षज्यूको नेतृत्वमा पनि धेरै युएनडिपी लगायतका धेरै संस्थाहरुसँग सहयोग मागेर उनीहरुसँग खर्च ब्यहोर्ने परिपाटी हामीले बसाल्या छौं। यूएनडिपीसँग मेरो धेरै कुरा भाछ। एसिया फाउण्डेशनको यता तपाईंको एन.डि.आई.को त्यस्ता संस्थाहरुसँग कुराकानी गरेर त्यो कुराको प्रबन्ध गरेर आछौं। त्यसकारणले प्रदेश समन्वय परिषदको बैठक हामीले सामान्यता एक पटक भन्या छ हामीले दुई पटक बस्ने गर्‍या छौं। अब यो दुई पटक मात्रै होइन परिस्थिति पर्दाखेरि अरु कुनै विषयमा पनि परिषदको बैठक बोलाउनु पर्ने हुन्छ। यसको लागि पनि हामीले बजेटको व्यवस्था गर्नुपर्ने भएर यहाँ बजेटको व्यवस्था गर्‍या छौं र अन्तिममा अन्तिममा हामीले एक-दुई वटा आयोगहरु संस्थानहरु बनाउनु परेछ। त्यो बनाउँदाखेरि सम्बन्धित मन्त्रालयको गएको यो चाँहि मुख्यमन्त्री कार्यालय अन्तरगतको मात्र भाहुनाले अस्ति हाम्रो नीति कार्यक्रम नै भन्या छौं हामीले विज्ञान प्रविधि प्रतिष्ठान बनाउने भयो। तपाईंको वन वातावरण मन्त्रालयले प्रज्ञा प्रतिष्ठान बनाउने भयो संस्कृति मन्त्रालयले या सामाजिक विकास मन्त्रालयले यस्तो प्रकारको अरु चाँहि प्रदेश अनुसन्धान ब्युरो बनाउनु पर्नेछ हामीले त्यो हाम्रो एकल अधिकार सूची भित्रको कुरा हो। त्यसलाई हामीले भ्रष्टाचार नियन्त्रण गर्ने या चाँहि तपाईंको अख्तियार अथवा सतर्कता केन्द्र यसको अवधारणाको आधारमा संचालन गर्नु पर्छ होला यसको इन्टेलिजेन्सीको काम पनि हामीले भनी राख्या छौं त्यसको लागि अर्को ठाउँमा पनि हामीले खटाउन गर्ने गर्‍या छौं त्यसकारणले यो सबै कामहरु गरेर जे जे संरचना हामीलाई चाहिन्छ संरचनाको आधारमा गर्दाखेरि प्रदेश प्रहरी प्रतिष्ठान निर्माण गर्नुपर्ने प्रदेशका प्रहरीचौकिहरु निर्माण गर्नुपर्ने त्यो हाम्रो आन्तरिक मामिला अन्तरगत धेरै कुराहरु आछ त्यसको केही न केही सबैको राम्रो ठूलो प्रोजेक्टहरु बनाउनु पर्दाखेरि चाँहि गण्डकी प्रदेश विकास प्राधिकरणले त्यति कामहरु गर्ने भनेर त्यसको रिपोर्ट तयार भई सकेपछि त्यो कार्यान्वयन गर्ने जिम्मा सम्बन्धित मन्त्रालयलाई दिन्छौं हामी। प्रदेश विकास प्राधिकरणले कार्यान्वयन गर्ने जिम्मा धेरै हुँदैन। त्यो खालि पोलिसीहरु बनाइदिने आधारहरु निर्माण गरिदिने संरचनाको डिपिआर हरु तयार गरिदिने कामहरु गर्छ यति कुराहरु यहाँहरु समक्ष राखेर गण्डकी प्रदेश सरकारले यो वर्ष हामीले प्रक्षेपण गराएका छौं ७.१% हाम्रो आर्थिक वृद्धि दर हो नेक्स्ट अर्को आर्थिक वर्षमा हामीले आगामी आर्थिक वर्ष २०७५/०७६ मा ८% आर्थिक वृद्धिदर हामीले हासिल गर्नुपर्छ। हामीले अबको चार वर्ष भित्र १०.२% आर्थिक वृद्धिदर हासिल गर्न सकिएन। अर्को दश वर्षसम्म तपाईंको दिगो विकासको लक्ष्य हासिल गर्दाखेरि ११% को आर्थिक वृद्धिदर कायम गर्न सकिएन भने हामीले भनेको तपाईंको दुई हजार डलर पुर्‍याउने एक हजारबाट या पच्चिस वर्षपछि पन्ध्र हजार पुर्‍याउने सम्भव हुँदैन। त्यसकारण यो इन्फल्लेशन घटाउने कुरा नियन्त्रण गर्ने कुरा। मूल्यवृद्धिलाई नियन्त्रण कुरा पनि सम्भव हुँदैन र दिगो विकास लक्ष्य पूरा गर्न पनि सम्भव हुँदैन त्यसकारणले दिगो विकासको लक्ष्यमा आधारित भएर जे बजेट हामीले ल्याई राखेका छौं त्यसमा म फेरि रोष्ट्रममा उभिएर माननीय सभामुख मार्फत के अनुरोध गर्न चाहन्छु भने दिगो विकासको लक्ष्यहरुको बारेमा माननीय सदस्यज्यूहरुको धेरै आकर्षण हुनु पर्‍यो। हामीले त्योसँग जोडिएर धेरै योजनाहरु ल्याउँछौं, अनि त्यसमा हाम्रो धेरै ध्यान गईराख्या देखिदैंन र अघिल्लो पटकको बजेट ल्याउँदाखेरि दिगो लक्ष्य समेटिएर नीति कार्यक्रम ल्याएको गण्डकी प्रदेश मात्रै थियो छ वटा प्रदेशले दिगो विकास लक्ष्य भनेको कुरै तपाईंको उठाएको थिएन पछि हामीले धेरै पटक उठाएपछि र संघले संघ सरकारले पनि धेरै पटक उठाएको र यूएनडिपीले यसमा कन्सर्न जनाएपछि बल्ल अहिलेको बजेटमा नीति तथा कार्यक्रममा सबै प्रदेश कार्यालय यो दिगो विकासको लक्ष्यलाई हामीले भेटाउनका लागि काम गर्नु पर्छ भन्ने आधारमा आएकोछ त्यसकारणले दिगो विकासको लक्ष्य हाम्रो मध्यमकालीन लक्ष्य हो। अबको दश वर्षभित्र प्राप्त गर्नु पर्ने २०३० मा हामीले त्यो लक्ष्य प्राप्त गर्नु पर्छ। त्यो लक्ष्य प्राप्त गर्दाखेरि भोकमरीको अन्त्य गर्नुपर्नेछ हामीले। त्यसकारणले भोकमरीको अन्त्य गर्नका लागि गण्डकी प्रदेशको उत्पादन बढनै पर्‍यो। हामीले डबल उत्पादन बढाउने भन्या छौं। त्यसको लागि कृषिमा एक खालको कामहरु गरी राखेको थियो त्यसमा तपाईंहरुको गम्भिर ध्यानआकर्षण गराउन चाहन्छु मैले। कृषिमा कृषि उत्पादन बढेन भने कृषि उत्पादन बढाउनका लागि फेरि आधुनिक प्रविधिको प्रयोग गर्नुपर्ने होला, व्यवसायिकरण गर्नुपर्ने होला, त्यसको संरचनाको निर्माण गर्नुपर्ने होला हैन? अरु धेरै कुराहरु होला। आधुनिकिकरणको, बजारीकरणको, व्यवसायीकरणको, यान्त्रिकीकरणको कुरा हो त्यसमा हामी जोड दिई राख्या छौं त्यसमा हामीले जोड दिई रहेका छौं। त्यसकारणले भोकमरीको अन्त्य गर्नुपर्ने छ अबको दश वर्षमा हामीले। अब

गरिबीको पनि अन्त्य गर्ने भन्या छ। गरिबीको अन्त्य गर्ने भन्या चाँहि के हो अबको दश वर्ष पछि के होला भन्दाखेरि अब हामीले पाँच वर्षभित्र अबको चार वर्ष पञ्चवर्षीय योजना अबको यो वर्ष शुरु हुन्छ। अबको पाँच वर्ष भित्र हामीले १४.२% गरिबीको रेखामुनि रहेका जनतालाई ७% लाई माथि उठाएर हामी ७% मा झार्ने भन्या छौं र नेक्स्ट फाइव इयरमा जाँदाखेरि अबको दश वर्ष भित्र पुग्दाखेरि हाम्रो एस.डि.जी. लक्ष्य प्राप्त गरी यो मुलुकमा यो प्रदेशमा गरिबी कहिं पनि हुँदैन। गरिबीको रेखामुनि जनता कोही पनि हुँदैन भन्दाखेरि हामीले लक्ष्य राख्या छौं। त्यो अनुसार योजना बनाएका छौं र त्यो योजना पूरा गर्नको लागि पनि हामीले उत्पादन बढाउनु पर्ने होला, रोजगारी सिर्जना गर्नु पर्ने होला। त्यसकारणले यो सबै कामहरु धेरै गर्नलाई औद्योगिकीकरणको कुरा होला, व्यवसायिक, कृषिको आधुनिकिकरणको कुरा होला, हैन? धेरै धेरै कुराहरु छन् त्यसकारणले अन्तरराष्ट्रिय पूँजी र प्रविधि भित्राउनु पर्ने कुरा होला। त्यो बिना सम्भव छैन, त्यसकारणले यो सबै कामहरुमा यस पटकको नीति तथा कार्यक्रमको बजेट आएको छ। बजेटले मूलभुत रुपमा यसको सिद्धान्तको कुराहरु जे ल्याएका छौं, प्राथमिकताको कुरा जे कुरा हामीले तोक्या थियौं, प्राथमिकता आफ्नो प्राथमिकता सिद्धान्तमा हाम्रो बजेटले धेरै कुराहरु सम्बोधन गऱ्या छ। नयाँ संरचनाको कुरापनि यस पटक गऱ्या छौं। गत वर्ष हामीले नीति निर्माणको वर्ष भन्या थियौं। यो वर्ष मूलत: हाम्रो संरचना निर्माणको वर्ष यो हो। यो वर्ष धेरै मूलभूत रुपमा संरचना बनाउँछौं। संरचनाहरु बनाउँदाखेरि हाम्रो लक्ष्य प्रदेश सभाको भवन बनाउनु पऱ्यो प्रशिक्षण एकेडमी बनाउनु पऱ्यो, ट्रेनिङ्ग एकेडमी बनाउनु पऱ्यो, मन्त्रालयहरु बनाउनु पऱ्यो, सात वटा मन्त्रालय अब हुँदाहुँदै मिनिमम दस वटा मन्त्रालय भन्ने मलाई लाएकोछ। त्यति मन्त्रालयहरु बनाउनु पऱ्याे। मन्त्रीहरुको क्वाटरहरु बनाउनु पऱ्यो। सभामुख, उपसभामुखको क्वाटर बनाउनु पर्नेछ। माननीयहरुको क्वाटर बनाउनु पर्नेछ। कर्मचारीहरुको आवास क्षेत्र निर्माण गर्नुपर्ने छ। यति काम त हामीले कम से कम गर्नुपर्नेछ। बाँकी हाम्रो आयोगहरु कुन कुन निकायहरु छन् त्यसको लागि पनि चाहिने हामीले नयाँ ठाउँमा स्थायी संरचना निर्माण गर्न सकियो भने बाँकि आयोगहरु, विभिन्न आयोगहरुको कार्यथलो अहिले हामी जहाँ मन्त्रालय भई सकेको त्यो ठाउँमा शिफ्ट हुन सक्दछ त्यसो भयो भने अबको चार वर्षभित्र यी सबै कामहरु गर्नुपर्नेछ। यसको आधार तयार गर्ने वर्ष आगामी आर्थिक वर्ष २०७६/०७७ वर्ष हो। पूर्वाधार निर्माणको लागि, संरचना निर्माणको लागि प्रशासनिक क्षेत्रको भनेर यहाँ निवेदन गर्न चाहन्छु। यति कुरा यहाँहरु समक्ष राखेर माननीयज्यूहरुले धेरै गहकिला सुझावहरु दिनु भाछ, टिप्पणीहरु गर्नु भाछ। मतलब जे जे कुरा तपाईंले शंका उठाउनु भाथियो त्यसमा मैले आफ्नो तर्फबाट भन्नु पर्ने कुराहरु भनें जस्तो लाग्छ। सबै माननीय सदस्यज्यूहरु यो बजेटमा सहभागी भएर धेरै बजेटलाई प्रभावकारी बनाउने कुरा यसको कार्यान्वयन धेरै शंका गर्नु भाछ, संदेह गर्नु भाछ, कार्यक्रम कार्यान्वयन नहुने हो कि भनेर। त्यही संदेहहरुलाई पूरा गर्नका लागि हामीले धेरै संरचनाको प्रबन्ध गऱ्या छौं। संस्थागत सशक्तिकरणको कुरा उठाएका छौं हामीले। जनशक्तिको, दक्ष जनशक्तिको उत्पादन, व्यवस्थापनको कुरा गऱ्या छौं हामीले र अनुगमन मूल्याङ्कन प्रणालीलाई प्रभावकारी बनाउने कुरा त्यत्रो त्यत्रो संरचना बनाएर हामीले त्यत्रो खर्च गरेका छौं। त्यसकारणले ढुक्क हुनुस म आश्वस्त पार्न चाहन्छु माननीयज्यूहरुलाई गण्डकी प्रदेशमा अब आगामी वर्ष २०७६/७७ मा बजेटको खर्च हाम्रो अहिले १००% भन्या छौं। निरपेक्ष चिज त केही पनि हुँदैन। १००% भन्दाखेरि त्यो ९५% कटयो भने पनि त्यो ठूलो उपलब्धी हुन्छ। त्यो लक्ष्यका साथ अब गण्डकी प्रदेश त्यो बजेट प्राप्त भएपछि त्यही ढंगले लाग्ने प्रतिबद्धता पनि जनाउन चाहन्छु। माननीय सदस्यज्यूहरुले यो बजेटमा धेरै आफ्नो विचारहरु राखेर जुन गहकिलो सुझावहरु दिनु भयो यसलाई प्रभावकारी ढंगले कार्यान्वयन गर्ने कुरामा सुझावहरु दिनु भयो त्यसको लागि म आभार व्यक्त गर्छु। यसको लागि यस बजेटलाई सके सर्वसम्मत ढंगले पास गरिदिनु भयो भने गण्डकी प्रदेश एउटा यस्तो प्रदेश हो अरु त धेरै अल्झि राखेका छन् धेरै प्रदेशहरु। हामी त समस्या समाधान चाँडैं गर्ने बानी परेका गण्डकीका सबै माननीयहरु, माननीयज्यूहरु प्रति म आभार व्यक्त गर्दै यो बजेट पास गर्नका लागि पनि म अनुरोध गर्दै मेरो भनाई टुङ्गयाउँछु। धन्यवाद।

**माननीय सभामुख**

माननीय सदस्यहरु, विनियोजन विधेयक २०७६ र प्रदेश सरकारको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयक २०७६ माथिको सैद्धान्तिक छलफल यहिं समाप्त हुन्छ।

**माननीय सदस्यहरु, अब यो बैठक मिति २०७६ साल असार २० गते २.०० बजे सम्मको लागि स्थगित हुन्छ ।**